जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २३४ • २०८० साल माघ ७ गते आइतबार (21 January, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# अयोध्या जाने रेल रद्द

# टिकट लिएका श्रद्धालुहरु अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । भारत उत्तरप्रदेशको अयोध्यामा नवनिर्मित भगवान राममन्दिरमा प्राणप्रतिष्ठाको अवसरमा जनकपुरधामबाट अयोध्या जाने भनिएको विशेष रेल शनिवार साँझ रद्द भएको छ।

रेलका अधिकारीहरुले सुरक्षाको कारण देखाउदै रद्द गरिएको जनाएका छन् ।भारत र उत्तरप्रदेश सरकारले २२ तारेख अर्थात माघ ८ गते अयोध्यामा नआउन आग्रह गरिरहेको बेला जनकपुरधामबाट रेल मार्फत श्रद्धालुहरुलाई लग्ने तयारी गरिएको थियो ।

प्राण प्रतिष्ठाको अवसरमा मिथिला क्षेत्रका श्रद्धालु भक्तजनहरु बोकेर आईतवार बिहानै जनकपुरधामबाट प्रस्थान गर्ने भनिएको रेल सेवालाई भारतीय सुरक्षा अधिकारीहरुले अनुमति नदिएपछि रद्द गरिएको नेपाल रेल्वेका प्रमुख प्रशासकीय अधिकृत रंजित ठाकुरले बताएका छन् ।

राममन्दिरको प्राणप्रतिष्ठाको लागि जनकपुरधामबाट रेल अयोध्या जाने भनेपछि यस क्षेत्रका श्रद्धालुभक्तजनहरु उत्साहित भएका थिए । नेपाल रेल्वे कम्पनिले केहि




यात्रुको टिकट समेत काटि सकेको थियो । नेपाल रेल्वे कम्पनिले सो रेल सेवाको लागि जेनरलमा १ हजार, एसीमा २ हजारदेखि ३ हजार सम्म एकतर्फी भाडा दर तोकेको थियो।

जनकपुरधामबाट अयोध्या जाने भनिएको भारतीय रेल दरभंगाबाट जयनगर समेत आईपुगेको थियो। तर अयोध्याका सुरक्षा संयन्त्रले रेल ल्याउने अनुमित नदिएपछि अन्तिम समयमा उक्त रेल सेवा रद्द गरिएको हो।

दरभंगाबाट अयोध्या चल्ने २० बोगीसहितको भारतीय रेल नेपाल रेल्वे कम्पनिले यस क्षेत्रका श्रद्धालु भक्तजनहरुलाई ध्यानमा राखेर परराष्ट्र मन्त्रायलय मार्फत समन्वय गरेको थियो।

रेलवेका महाप्रबन्धक निरञ्जन झाले शनिवार समाजिक सञ्जाल मार्फत भारतीय रेललाई ल्याएर जनकपुरधामबाट अयोध्या लग्ने सन्देश सार्वजनिक गरेका थिए।

भारतीय रेलवेले जनकपुरधामबाट दरभंगा-अयोध्या चल्ने 'अमृत' रेल पठाउने तयारी गरेको थियो ।तर सो रेललाई अयोध्या भन्दा करिब १५ किलोमिटर पछाडी नै रोक्ने भनिएको थियो।१५ किलोमिटर पछाडी ओर्लेर श्रद्धालुहरु पैदल अथवा अन्य सवारी साधन मार्फत अयोध्याको रामजन्मभूमी नजिक पुग्नु पर्ने थियो।

रेलको टिकट काटिसकिएको अवस्थामा साँझ रद्द गरिएको रेल सेवाको कारण सयौं श्रद्धालुहरु अलपत्र परेका छन् ।रेलमा प्रथम श्रेणी, द्वितिय श्रेणी, तृतिय श्रेणी सहित शयनयानका बोगीहरु रहेको थियो । १ हजार ४ सय यात्रु बोक्ने क्षमताको सो रेललाई आइतवार बिहान जनकपुरधाम स्टेशनबाट छुट्ने समय सीमा निर्धारण गरिएको थियो।

# आक्रमणकारी सवार गाडी र चालक नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको मुखियापट्टी मुसहरिनया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवमाथिसांघातिकआक्रमणमाप्रयोग भएको गाडी सोका चालकलाई प्रहरीले शनिवार नियन्त्रणमा लिएको छ।

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ बेंगाशिवपुरबाट धनुषा प्रहरीले मधेश प्रदेश ०२ ००१च १०४७ नम्बरको गाडी र चालकलाई नियन्त्रणमा लिएको हो।

धनुषाका प्रहरी प्रवक्ता समेत रहेका डीएसपी रञ्जन आवाले बेंगाशिवपुरबाट गाडीसहित एक जना चालकलाई नियन्त्रणमा लिएको जनाएका छन्।

प्रादेशिक अस्पताल जनकपुरबाट जिरोमाइलस्थित निवास फर्किने क्रममा अध्यक्ष यादवमाथि बिहीबार राति आक्रमण भएको थियो। आक्रमणमा घाइते भएका अध्यक्ष यादवलाई नेपाली कांग्रेसका पूर्वउपसभापति तथा प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले भेटघाटगर्दै स्वास्थ्य लाभको कामना गरेका छन्।




# मुसहर बस्तीमा पूर्वराजा ज्ञानेन्द्र

## परोपकार गुठीले २० परिवारका लागि बस्ती बनाएको छ

**टुडे समाचारदाता**

बारा ।मधेशमा चिसो बढेको बेला पूर्वराजा ज्ञानेन्द्र शाह जीतपुर सिमरा उपमहानगरपालिकाको वडा नम्बर ६ मा रहेको मुसहर बस्तीमा शनिवार पुगेर अनुगमन गरेका छन्।

पूर्व राजा ज्ञानेन्द्र परिवारसहित दुई हप्तादेखि सिमरामा रहेका छन् । पूर्वराजा शाह परिवारका सदस्यसहित शनिवार मुसहर बस्तीमा गएका थिए।

गत असोज १२ गतेमा प्रभु शमशेर जबरा तथा राजी राणा परोपकार निजी गुठीले मुसहर समुदायका २० परिवारलाई घर बनाएर बस्ती हस्तान्तरण गरेको थियो।पूर्वराजपरिवारभित्रकासदस्यले निर्माण गरी हस्तान्तरण गरेको बस्ती अवलोकन गर्न पूर्वराजा ज्ञानेन्द्र शाह परिवारसहित पुगेका थिए।

मुसहरवस्तीमा पूर्वराजा ज्ञानेन्द्रसँग पत्नी कोमल, छोरी प्रेरणालगायत पूर्वराजपरिवाका



सदस्य सहभागी थिए । बस्तीमा निर्माण भएको घरभित्र पसेर पूर्वराजदम्पतीले मुसहर समुदायका नागरिकसँग भलाकुसारीगर्दै उनीहरुसित चिया पिएका थिए।

मुसहर जाती दलित वर्गमा पर्छन् ।देशमा अत्यन्त पिछडिएका मुसहर समुदायमा पूर्व राजा र परिवारका सदस्यहरु पहिलो पटक १ घण्टा लामो समय व्यतित गरेका हुन्।

पूर्वराजपरिवारको स्वागतमा मुसहर समुदायका युवायुवतीले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए। यसअघि पूर्वराजदम्पतीलाई बस्तीमा बसोबास गर्ने २० वटै घरका परिवारका सदस्यले स्वागत गरेका थिए।

सो क्रममा बस्तीमा बसोबास गर्ने नागरिकका लागि दिवा भोजनको व्यवस्थापन गरिएको थियो । पूर्वराजाले दिवाभोजनका लागि बनाइएको परिकार समेत हेर्न भ्याएका थिए। उनले बस्तीका नागरिकलाई खाना खान आग्रह गरिरहेका थिए।

पूर्वराजालाई बस्तीमा स्वागत गर्न पाउँदा मुसहर समुदायका नागरिक खुसी देखिन्थे । एक साता अघि सिमरा आएका पूर्व राजा ज्ञानेन्द्र शाहले केही दिनअघि पर्सा राष्ट्रिय निकुञ्जको सफारी गरेका थिए।

देशमा राजतन्त्र रहँदादेखि नै जाडोको मौसममा तत्कालिन राजारानी देशको बिभिन्न विकास क्षेत्रको भ्रमण गर्ने चलनलाई पूर्व राजा ज्ञानेन्द्र शाहलेपनि निरन्तरतादिएकाछन्।देशमागणतन्त्र घोषणा भएपछि नारायणहिटी राजदरवारबाट बाहिरिएका ज्ञानेन्द्र शाहलाई पूनःगद्दिमा आसिन गराउन देशका केहि राजनीतिक दल लगायत बिभिन्न क्षेत्रबाट सकृय प्रयास भइरहेको छ।

पूर्व राजा शाह परिवारसहित मुसहरवस्तीमा जाँदा नजिकका अन्य बस्तीहरुबाटपनि ठूलो संख्यामा सर्वसधारण पुगेका थिए ।पूर्व राजाप्रति सर्वसधारणमा अझै सम्मान रहेको छ ।मुसहर वस्तीमा पहिलोपटक पुगेका पूर्व राजपरिवारलेदलितहरुकोसहानुभूति लिन उनीहरुसित घुलमिल भएका थिए।



# विपन्न महिलालाई न्यानो कम्बल




**टुडे समाचारदाता**

राजविराज। केही दिन यता बढेको अत्याधिक चिसोले प्रभावित विपन्न महिलालाई एक संस्थाले कम्बल बितरण गरेको छ।

नेपाल-भारत मैत्री संगठन सप्तरीले शनिबार राजविराजमा विपन्न समुदायको तीन दर्जन भन्दा बढी महिलालाई न्यानो कम्बल बितरण गरेको हो।

उक्त कम्बल संगठनकी अन्तराष्ट्रिय सदस्य सुनिता कुमारी साह तथा संगठनको जिल्ला समितिका पदाधिकारीहरुले संयुक्त रुपमा बितरण गरेकी छिन्।

आर्थिक अभावमा न्यानो कपडाको व्यवस्था गर्न नसकि कष्टकर जिवन बिताइरहेकी विपन्न महिलाहरुको पहिचान गरि सहयोग बितरण गरिएको र भविष्यमा समेत यस्तो कार्यलाई निरन्तरता दिइने संगठनले जनाएको छ।

# गरिब बस्तीमा जाडो छल्न 'घूर' र 'चटाइ'

महोत्तरी। कठ्याङ्ग्रिँदो यो जाडो छल्न यहाँका पराले झुप्राका गरिब बस्तीमा 'घूर' (पातपतिङ्गर बटुलेर सल्काइएको आगो) र परालका लुइँठा बटारेर बनाइएका चटाइ नै सहारा बनेका छन्। 'घूर' का वरपर बसेर तातिएको अनुभूति लिन र सुत्दा चटाइको सहाराले उज्यालो पर्खने गरिब बस्तीको नियति नै बनेको छ।

भङ्गाहा नगरपालिका-३ सकरी मुसहरीटोलकी रामराजी सदा ससाना नानीलाई पराले चटाइ ओढाएर सुताउने प्रयत्न गर्नुहुन्छ। जाडो छल्ने यिनै चटाइ पनि सबै परिवारका सदस्यलाई ढाक्नेगरी जोहो गर्न नसकिएको रामराजीको व्यथा छ। "चटाइ पनि दुईमात्र छन्, नानीहरु कसैगरी निदाए भने आफूहरु तिनै निदाएको हेरेर सन्तोस गरिन्छ", रामराजी भन्नुहुन्छ, "अब आधा माघ कटेपछि घाम देखिने भन्ने आश छ।"

यो सकरी मुसहरीटोलकी रामराजीको मात्र व्यथा नभई जिल्लाका सबैजसो भेगमा बसोबास गर्ने आम मुसहरको व्यथा हो। मुसहरमात्र नभएर यहाँका बाँतर, मेस्तर, डोम, दुसाध र हलखोर जाति समुदाय आर्थिक अवस्थाले अत्यन्त पछि देखिन्छन्।

बाँसको खाँबा र झिक्राझिक्रीको बार (बेराघेरा) का भित्ताको



भरमा अडिएका पराले छानाका केही हात लम्बाइ/चौडाइका झुप्रा गरिबको घर संसार हुन्। "हजुर, हाम्रो चिसो छल्ने यही सहारा हो", बलवा नगरपालिकाको भगवतीपुर बस्तीकी करिब ६० वर्षीया पुरनी सदा मुसहर भन्नुहुन्छ, "रात कटाउन पराल र चटाइ छ, उज्यालो भएपछि घूर हुन्छ।" लगातार बढ्दै गएको चिसोले बिहानै मजदुरी गर्न जान नपाएपछि खाने कुराको पनि समस्या बढेको पुरनीको थप पीडा छ। रामराजी, पुरनीजस्तै भङ्गाहा-८ धर्मपुरको अन्हारवन बस्तीकी हेमकली बाँतरको पनि पीडा उस्तै छ। "न खाने कुरा यो भन्ने छ, न ओढ्ने, बस्ने लुगा", ५० वर्षीया हेमकलीले भन्नुभयो, "हामी गरिबलाई हेर्ने कोही छैनन्, यसपालिको जाडोबाट बाँच्न कठिन छ।"

महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै स्थानीय तहमा मुसहर जातिको बसोबास छ। यीमध्ये भङ्गाहा, गौशाला, औरही, बर्दिबास र लोहारपट्टि नगरपालिकामा अन्यभन्दा बढी मुसहर जातिको बसोबास छ। सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक सूचाङ्कका दृष्टिले अति नै पिछडिएका मुसहरजस्तै बाँतर पनि हुन्। दुवै जातिको रीतिथिति समान नै देखिने भङ्गाहा नगरपालिका-३ का बासिन्दा समाजशास्त्री शिवराज दाहालको भनाइ छ।

मुसहर जिल्लाका सबै स्थानीय तहमा रहे पनि बाँतर बस्ती भने भङ्गाहा नगरक्षेत्रमा मात्र छन्। आफ्नो नगरक्षेत्रमा मुसहर र बाँतरको एक ठाउँ गणना हुँदा फरक/फरक जाति समुदाय बसोबास तालिकाको अभिलेखमा मुख्य स्थान ओगट्ने भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साह स्वीकार गर्नुहुन्छ। जिल्लामा अहिले मुसहर, बाँतर दुवै मिलाएर ४० हजारको हाराहारी जनसंख्या पुगेको छ। त्यसमा मुसहरको २७ हजार तीन सय ५२ रहेको पछिल्लो राष्ट्रिय जनगणना तथ्याङ्क-२०७८ ले देखाएको छ।

करिब ४० हजारको हाराहारी पुग्नै लागेको जनसंख्याभित्रका मुसहर, बाँतर समुदायबाट प्रवेशिका उत्तीर्ण गर्नेको संख्या ५० कटेको छैन। विद्यालयमा प्रत्येक वर्षजसो भर्ना अभियानका नाउँमा यी समुदायका बालबालिकाको नाउँ विद्यालयमा लेखिए पनि गरिबी र अभावले टिक्न सक्दैनन्। "सबै स्थानीय तहमा दैवीप्रकोप उद्धार कोष छ, प्रत्येक जिल्लामा सरकारका मुख्य प्रतिनिधि मानिने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति छ", नेपाल सरकारको सहसचिवबाट सेवानिवृत्त हुनुभएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्नुहुन्छ, "सेवानिवृत्त भएर घर बसेको २० वर्ष हुन लाग्यो, कहिल्यै प्रकोपको पूर्वतयारी कसैले गरेको देखिँदैन।" सेवाप्रदायक निकाय उत्तरदायी हुन नसक्दा सालसालै चिसोकै कारण ज्यान जाने र दीर्घरोगले ग्रसित हुने बढिरहेका भुजेलको भनाइ छ।रासस

# अपराध अनुसन्धानमा प्रविधिको प्रयोग बढाउँदै प्रहरी

काठमाण्डु। अपराध नियन्त्रण तथा अनुसन्धान तथा ट्राफिक व्यवस्थापन कार्यमा नेपाल प्रहरीद्वारा गरिने प्रविधिको प्रयोग बढ्दै गएको छ। जसका कारण अभियुक्तले अदालतमा इन्कारी बयान गर्दा पनि प्रविधिको प्रयोगका कारण आधिकारिकता प्रमाणित गर्न सहज हुँदै गएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनाली पछिल्लो समयमा प्रहरीले प्रविधिलाई भरपुर उपयोग गर्ने नीति अवलम्बन गरेको र सोही अनुसार कार्य अघि बढाइएको बताउनुभयो।हालै मात्र प्रहरीद्वारा सफल अनुसन्धान भई अदालतमा थुनछेक बहसका क्रममा रहेको मुलुकभर तथा नेपाली डायस्पोरासमेतमा बहु-चर्चित मुद्दामा पनि उच्चतम प्रविधिको प्रयोग भएको मैनालीले बताउनुभयो। अपराध अनुसन्धानमा आधुनिक प्रविधिको भूमिका दिनानुदिन बढ्दै गएकाले पनि प्रहरीले उक्त अभ्यासलाई अधिकतम प्रयोग गरिरहेको उहाँको भनाइ थियो।

अनुसन्धान कार्यमा सङ्कलित दशी प्रमाणको परीक्षणका लागि हाल सामाखुशीस्थित नेपाल प्रहरी केन्द्रीय विधिविज्ञान प्रयोगशाला रहेको छ। उक्त प्रयोगशालामा रहेका विभिन्न ११ वटा शाखाबाट रसायन तथा लागुऔषध, विस्फोटक पदार्थ, विष विज्ञान, डिएनए, जीवसिरम विज्ञान, ब्यालेस्टिक, विवादास्पद प्रलेख, भौतिक (फुट प्रिन्ट, सवारी साधनको इन्जिन-चेसिस), फोटोग्राफीको वैज्ञानिक परीक्षण एवं विश्लेषण गर्दै आएको छ।

औँला छाप, एफआइएस (अटोमेटेड फिङ्गर प्रिन्ट आइडेन्टिफिकेशन सिस्टम) आदि भौतिक सबुद-प्रमाणको वैज्ञानिक परीक्षण एवं विश्लेषण गरी सम्बन्धित निकायहरुलाई विशेषज्ञ राय उपलब्ध गराई अपराध अनुसन्धान र न्याय सम्पादन कार्यमा प्रहरीले सहजीकरण गर्दै आएको छ।

काठमाडौँबाहिर धरानमा विष विज्ञान र लागुऔषध तथा नेपालगञ्जमा विष विज्ञानको परीक्षण गरी सम्बन्धित



निकायलाई रायसहितको प्रतिवेदन दिने कार्य भइरहेको छ। डिजिटल फरेन्सिक ल्याब (डिएफएल)ले कम्प्युटर, फोन लगायतको डिजिटल परीक्षण, डाटा रिट्राइभ, विश्लेषण तथा अन्य वैज्ञानिक परीक्षण गरी रायसहितको प्रतिवेदन दिने गरिएको छ।

पोलिग्राफ मेसिनद्वारा आशङ्कित व्यक्तिले झुट बोलेको नबोलेको सम्बन्धमा परीक्षण गर्ने गरिन्छ। ज्यानसम्बन्धी कसुरलगायत अन्य कारणले भएको मृत्युका कारण पत्ता लगाउन त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा शवपरीक्षण गरिने गरिन्छ। साथै अन्यत्र जिल्लामा पनि जिल्लास्तरसम्मै शवपरीक्षण गरिन्छ।

कहिलेकाहीँ विवादित मुद्दाको अनुसन्धान गर्ने कार्य र भयानक दुर्घटनाका कारण भएको दुःखद मृत्युमा शवको पहिचानका लागि भने बाहिर जिल्लाबाट शवलाई त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा ल्याएर परिवारलाई शव बुझाइने गरिएको प्रहरीले जनाएको छ।

केही वर्षअघिसम्म पुलिस रिपोर्ट लिन असाध्यै कठिन थियो। हालैका दिनमा प्रविधिमार्फत संसारको जुनसुकै कुनाबाट अनलाइन फारम भरेको केही दिनभित्र पुलिस रिपोर्ट प्राप्त गर्न सकिने गरी व्यवस्थापन गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो।

प्रहरी एप्समार्फत अपराध भएको, हुनसक्ने जानकारी प्रहरीलाई पठाई १००, १०३ र १०४ मा फोन गरी नागरिकले अपराध नियन्त्रण र अनुसन्धानमा 'बिनावर्दीको प्रहरी'को भूमिका निर्वाह गर्नसक्ने प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले बताउनुभयो। उहाँका अनुसार ट्राफिक प्रहरीद्वारा सवारी दुर्घटना न्यूनीकरणका तथा अनुसन्धानका लागि विविध प्रविधि प्रयोगमा ल्याइएका छन्।

सिसीटिभी क्यामेरा, ट्राफिक लाइट, स्ट्रिट लाइट, रोड साइन एन्ड सिग्नल, रोड मार्किङ्स, राडर गन, लिडार गन, ब्रेथ लाइजर, ड्रग्स डिटेक्सन किट, गोप्रो क्यामेरा, भ्वाइस रेकर्डर, सर्भिलेन्स क्यामेरा जडित सवारी साधन, ह्विल लक, चेन लक, म्याजिक लाइटको प्रयोगबाट उपत्यकामा सवारी आवागमनलाई व्यवस्थित गर्न थालिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता राजेन्द्रप्रसाद भट्टले जानकारी दिनुभयो।

उपत्यकाको मुख्य मुख्य नाकामा भेइकल स्क्यानरलगायत थप प्रविधि भित्र्याउन पहल भइरहेको छ। विभिन्न एप्समार्फत सवारी जरिवाना तिर्ने कार्यले पनि नागरिकको समयको बचत हुन गएको उहाँले बताउनुभयो।पछिल्लो समयमा काठमाडौँ उपत्यका प्रहरीले सिसी क्यामेराका अलावा अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन क्यामेरा (एएनपिआर) प्रयोगमा ल्याएको छ।

मुख्यगरी यसले चालकको गतिविधि नियन्त्रणमा सहयोग पुग्ने उपत्यका प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले बताउनुभयो। "सिट बेल्ट लगाएको छ कि छैन, चालकले धुमपान गरेर गाडी चलाएको छ कि ? फोनमा कुरा गरेर पो गाडी चलाएको छ कि ? भनेर पत्ता लगाउन उक्त क्यामेराले सहयोग गर्छ", उहाँले भन्नुभयो, "नम्बर प्लेटलाई पनि रिड गरेर पठाउने उक्त प्रविधि आधुनिक हो। यसले नम्बर प्लेट र चालकको सिटसम्मकै गतिविधि फोटो खिचेर सर्भरमा पठाउने हुँदा ट्राफिकिङमा ठूलो सहयोग गर्ने विश्वास गरिएको छ।"

मैनालीका अनुसार उपत्यकामा यस्ता विभिन्न प्रविधियुक्त क्यामेरा एक सय ७० वटा राख्न थालिएको छ। फेस रिड क्यामेरा १० ठाउँमा, अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन क्यामेरा १० ठाउँमा र भिडियो म्यानेजमेन्टसहितको क्यामेरा (एआई प्रविधिमा आधारित) एक सय ५० स्थानमा जडान गर्न लागिएको उहाँले जानकारी दिनुभयो।रासस

# जनकपुर जेसिजमा यातोशसहितको प्यानल निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुर जेसिज बर्ष २०२४ का लागि अध्यक्षमा जेसी यातोश कुमार साहसहितको प्यानल नै निर्वाचित भएको छ।

जनकपुर जेसिजको अध्यक्षमा यातोश कुमार शाह, कार्यकारिणी उपाध्यक्षमा रजनिश कुमार साह, कार्यकारिणी उपाध्यक्षमा कमल कुमारी मण्डल, उपाध्यक्षहरुमा लोकेन्द्र प्रसाद साह, -रञ्जित पँजियार, मनोहर ठाकुर र अभिनास साह, महासचिवमा मुकेश साह, कोषाध्यक्षमा दिपक यादव र कानूनी सल्लाहकारमा राहुल निधिलगायका छन्।

# रोकिएन लापसे र मापसे गरेर सार्वजनिक गाडी चलाउने क्रम

काठमाण्डु। ट्राफिक प्रहरीले सवारी जाँच अभियान सञ्चालन गरेर चालकमाथि कारबाही गर्दा पनि लागुपदार्थ सेवन (लापसे) र मादक पदार्थ सेवन (मापसे) गरेर सार्वजनिक सवारी साधन सञ्चालन गर्ने क्रम रोकिएको छैन।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट अझै पनि परीक्षणका क्रममा लापसे गरेर सवारी चलाउने चालक पक्राउ पर्ने क्रम जारी रहेको बताउनुहुन्छ। "यसरी सवारी चालउँदा आफू त जोखिममा पर्छन् नै उनीहरुका कारण यात्रु पनि जोखिममा पर्ने हुन्छ", भट्टले भन्नुभयो, "गाडी चलाउँदा मापसे, लापसे वा अन्य कुनै पनि नशालु पदार्थ लिनुहुन्न भन्ने सन्देश पुगेर पनि यो क्रम रोकिएको छैन।"

लामो समयदेखि जाँच अभियान तीव्र पारिए पनि नशाको तालमा गाडी चलाउन नरोकिनु दुःखद् विषय भएको प्रहरीको भनाइ छ। काठमाडौँको नागढुङ्गामा गरिएको जाँच अभियानका क्रममा लागुपदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेका सात जना चालकलाई शुक्रबारमात्रै ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ। यसअघि पनि पटकपटक चालकलाई नियन्त्रणमा लिएर कारबाही भएको थियो। तर यो क्रम रोकिएको छैन।

बा२ख ४०१७ नम्बरका माइक्रो चालक कास्कीको पोखरा महानगरपालिका-१७ का २४ वर्षीय मिलन गिरी, ग१ख २९७३ नम्बरका माइक्रो चालक पोखरा महानगरपालिका-१ का ३५ वर्षीय मीनबहादुर तामाङ, बा३ख २१९५ नम्बरका माइक्रो चालक गोरखाका ३० वर्षीय हिमाल कोइराला लागुपदार्थ लिएर गाडी चलाइरहेका बेला पक्राउ परेका छन्।

यस्तै बा५ख २३७ नम्बरका बस चालक गोरखाको भीमसेन थापा गाउँपालिका-४ का २२ वर्षीय भुवन सुर्खेती, ना७ख १३८६ नम्बरका ट्रक चालक खोटाङ घर भएका ३२ वर्षीय कटकबहादुर मगर र लु२ख ३३५२ नम्बरका ट्रक चालक पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका-२ का ३३ वर्षीय पवन थापा र ना५ख ७७७५ नम्बरका ट्रक चालक धादिङको धुनिबेँसी नगरपालिका-८ का ३० वर्षीय प्रजय कार्की पनि पक्राउ परेका भट्टले बताउनुभयो। उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त थानकोटमा राखिएको छ।

पछिल्लो समयमा नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्यूरोले उक्त अभियान चलाइरहेको छ। यात्रु बोक्नेजस्तो संवेदनशील सवारी साधन चलाउने चालकले नै लागुपदार्थ सेवन गरी सवारी साधन चलाउनु आफैँमा निन्दनीय कार्य भएको प्रहरी वृत्त थानकोटका प्रहरी नायव उपरीक्षक नारायण अधिकारी बताउनुहुन्छ।

यसरी सवारी साधन चलाउँदा चालकको मात्र नभई यात्रुको जीवनसमेत जोखिममा पर्छ। त्यसैले आफू सवार सवारी साधनका चालकले लागुपदार्थ तथा मादक पदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रुमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न प्रहरीले सबैमा अनुरोध गरेको छ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन वृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको बेलबारी नगरपालिकास्थित बेतना सिमसारमा संरक्षण गरेर राखिएको राज गिद्ध। *तस्बिर : रासस*

# सय दिन देखि अनशन

**टुडे समाचारदाता**

राजविराज । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम सुरु गर्नका लागी प्रस्तावित निर्माण स्थलमा रिले अनशन वस्न थालेको शनिवार १०० औं दिन पुगेको छ।

शिलान्यास भएको २८ महिना भन्दा बढी वितिसक्दा पनि राजविराज १० मा निर्माण हुने भनिएको प्रतिष्ठानको काम हाल सम्म अघि बढ्न नसक्दा आक्रोशित स्थानीयवासीयले संघर्ष समिति नै गठन गरी गत २६ असोज देखि रिले अनशन सुरु गरेका थिए।

यस अघि थुप्रै नेता, साँसद र मन्त्रीले आश्वासन दिएर घर फर्काउने प्रयास गरे पनि माग अनुसारको काम सुरु नभएसम्म आफूहरु घर न फर्किने उनीहरुको अडान छ।

संघर्ष समितीका संयोजक रामकुमार दास भन्छन- “आश्वासनमा हामी विश्वस्त छैनौं, माग पुरा न भएसम्म फर्कदैनौं ।”




अलपत्र परेको प्रतिष्ठानको निर्माण कार्यलाई यथाशिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्ती गर्नु पर्ने, प्रतिष्ठान निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्नू पर्ने लगायतका ५ बुंदे माघ अघि सार्दै रिले अनशन सुरु गरिएको थियो।

प्रतिष्ठान निर्माण स्थलमा बोर्ड राख्ने, तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम अघि न बढेकाले रिले अनशनलाई १०० औं दिन पनि जारी राखेको संर्घष समितिका संयोजक दासको भनाइ छ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशको राजविराजमा गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नाममा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो।

यसका लागि २०७८ जेठ २१ गतेको मन्त्रिपरिषद्को बैंठकले प्रतिष्ठानका नाममा राजविराज नगरपालिका १० विरौल स्थित ६२ विघा जग्गा ३० वर्षका लागि लिजमा दिने निर्णय गरेको थियो। जग्गाको टुंगो लागे पछि सोही जग्गामा २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठान भवन निर्माणको भर्चूअल माध्यमबाट शिलान्यास गरेका थिए। तर २८ महिना भन्दा बढी भइसक्दा पनि भवनको त कुरै भएन, एउटा इट्टा समेत नथालिएकाले आन्दोलन थाल्नु परेको स्थानीयको गुनासो छ।

# भगवान रामको प्राणप्रतिष्ठाको अवसरमा महाआरती

**टुडे समाचारदाता**

जनकपुरधाम । रामको जन्मथलो अयोध्यामा नवनिर्मित मन्दिरमा हुन गइरहेको भगवान रामको प्राणप्रतिष्ठा समारोहको अवसरमा जनक चोक स्थितका जनक मन्दिर सरसफाई गरिएको छ।

जनकपुरधाममा सामुदायिक साझेदारी प्रहरी कार्यक्रम अन्तर्गत मठमन्दिर सरसफाई कार्यक्रम सम्पन्न भएको छ।

हरिसत्संग समिति नेपालको आयोजनामा जनकपुरधामको जनक मन्दिरमा सरसफाई कार्यक्रम सम्पन्न भएको छ। आइतबार राम मन्दिरमा सरफाई गर्ने कार्यक्रम रहेको प्रदेश अध्यक्ष ललित बजाजले जानकारी दिए। मठमन्दिर सरसफाई कार्यक्रममा प्रहरी र स्थानीय यूवाहरुको संलग्नतामा भएको हरिसत्संग समिति नेपालका मधेश प्रदेशका अध्यक्ष बजाजले जानकारी दिए।



नेपाल प्रहरी प्रदेश कार्यालय वीरगञ्जको सहआयोजनामा सरसफाई कार्यक्रम भएको थियो । भगवान रामको प्राणप्रतिष्ठाको दिन सोमबार जनक मन्दिरमा बिहान भजन किर्तन र साँझमा महाआरती गर्ने कार्यक्रम रहेको हरिसत्यसंग समिति धनुषाका अध्यक्ष आकाश जैनले जानकारी दिए।

यस कार्यक्रम आयोजनाको जिम्मेवारी हरिसत्संग समिति नेपल धनुषाका जिल्ला जैनलाई दिइएको छ भने समितिका जनकपुरधाम नगरका अध्यक्ष पंकज खेतानले संयोजन गर्ने जनाइएको छ।

# स्यालको टोकाइबाट १२ जना घाइते

**टुडे समाचारदाता**

गौर । स्यालको आक्रमणबाट रौतहटको गढीमाई नगरपालिका-७ मा १२ जना घाइते भएका छन्।

खेतबारीमा घाँस काट्न गएका पालिकाको धनारी टोलका नौ वर्षीय बालकसहित १२ जना स्यालको टोकाइबाट घाइते भएका हुन् । घाइतेमध्ये दुई महिलाको वीरगञ्जस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ।

नजिकै रहेको उखुबारीमा बसेका पाँच/छ वटा स्यालको समूहले आक्रमण गर्दा नौ वर्षीय बालक श्रवणकुमार, वर्ष १५ की मनिषा खातुन, २७ वर्षका रामविनय बैठा, ३० वर्षीय बिनादेवी, वर्ष ३५ की दुखियादेवी, ४० वर्ष की जैयबुल खातुन, ५५ वर्ष की उषादेवी, ७२ वर्षीय सिकिलावा देवी, ६० वर्ष की तेतरी खातुन, ७० वर्षीय जयल मुखियालगायत घाइते भएको पालिका प्रमुख श्यामप्रसाद यादवले जानकारी दिए।

यसैगरी, स्यालको टोकाइबाट घाइतेमध्ये जैयबुल र तेतरीको नाक र मुखमा गहिरो चोट भएकाले प्रादेशिक अस्पताल गौरमा प्राथमिक उपचार गरी थप उपचारका लागि शुक्रबार राती वीरगञ्जस्थित नेशनल मेडिकल कलेज पठाइएको । दुवै जना हाल उपचार मै रहेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिए।

बाँकी घाइतेको उपचार प्रादेशिक अस्पताल गौरमा भई ‘ एन्टिरेबिज भ्याक्सिन’ लगाएर घर फर्किएका छन् । अस्पताले दिएको समयअनुसार घाइतेहरू थप भ्याक्सिनको पुनः अस्पताल धाउनु पर्ने जानकारी ‘मेडिकल सुपरिटेन्डेन्ट’ कृष्ण साहले बताए । स्यालले यसरी आक्रमण गर्दा स्थानीय घरबाट बाहिर निस्किन पनि डराएका छन्।

# महावीर मन्दिरमा विशेष कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको उत्तर प्रदेश स्थित अयोध्यामा श्रीराम मन्दिरमा भगवान रामको प्राण प्रतिष्ठाको अवसरमा २४ घन्टे सीताराम नाम जप विशेष कार्यक्रम हुँदैछ।

जनकपुरधाम स्थित रेल्वे स्टेशनको परिसरमा रहेको महावीर मन्दिरमा शनिबारदेखि सुरु भएको एकाहमा सीताराम नाम जप आइतबार बेलुकीसम्म चल्ने महावीर मन्दिर रेल्वे स्टेशन जनकपुरधामका अध्यक्ष कमल हातीले जानकारी दिए । शनिबार विहान अष्टयाम भएको थियो।



त्यस्तै आइबार समापन एवं प्रसाद वितरण गरी एकाह समापन हुने अध्यक्ष हातीले बताए। त्यसपछि सोमबार हनुमान अराधना हुने आयोजक श्री श्री १००८ महावीर मन्दिर परिवारले जानकारी दिए।


मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

जनकपुरधाम, धनुषा

## प्रशिक्षार्थी भर्ना संबन्धि सूचना

(प्रथम पटक प्रकाशितमिति २०८०।१०।७गते)

यस केन्द्रबाट चालु आ.व. ०८०।०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार निम्न तालिम कार्यक्रमहरु निशुल्क रुपमा सञ्चालन गरिने भएको हुंदा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन २०८०।१०।२१ गते भित्र रितपुर्वक आबेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं | तालिमको विषय | तलिम सञ्चालन स्थल | आवश्यक संख्या | योग्यता | आबेदनको लागी सम्पर्क व्यक्ति र फोन नं |
|---|---|---|---|---|---|
| १ | कटाई सिलाई | तालिम केन्द्र भवन जनकपुर | २० जना | साधरण लेखपढ | सुनिता देवि मण्डल (९८४४४१७७८१) |
| | | मलंगवा न.पा सर्लाही | २० जना | साधरण लेखपढ | रामपुकार यादव (९८६५८८८८१५) |
| | | पिपरा गा.पामहोत्तरी | २० जना | साधरण लेखपढ | अंशकुमार मण्डल (९८१९६२०१८०) |
| | | औरही गा.पा. सिराहा | २० जना | साधरण लेखपढ | शिवजी यादव (९८११७५६३३८) |
| | | महादेवा गा.पा.सप्तरी | २० जना | साधरण लेखपढ | मोहम्मद जावेद अली (९८१६७०८२४२) |
| २ | व्युटिपार्लर | तालिम केन्द्र भवन जनकपुर | २० जना | १० कक्षा पास | तालिम केन्द्र (९८४४०५३९३९) |
| | | रुपनीगा.पा. सप्तरी | २० जना | १० कक्षा पास | राजेश्वर प्रसाद यादव (९८०४७१४८०६) |
| | | बलरा न.पा.सर्लाही | २० जना | १० कक्षा पास | मनिषा सिंह (९८५८४८३८३४) |
| | | विष्णुपुर गा.पा सिराहा | २० जना | १० कक्षा पास | दिपक मण्डल (९८१४७००६७८) |
| | | जलेश्वर न.पामहोत्तरी | २० जना | १० कक्षा पास | राम सेवक मण्डल (९८१७७७६६७७) |
| ३ | मन्टेश्वरी | तालिम केन्द्र भवन जनकपुर | २० जना | एस ई ई पास | तालिम केन्द्र (९८५४०८०६३७) |
| | | राजबिराज न.पा. सप्तरी | २० जना | एस ई ई पास | ज्योतिष कुमार यादव (९८५२८२११८४) |
| | | गोलबजार न.पा. सिराहा | २० जना | एस ई ई पास | सुरेश ठाकुर (९८१५७९११६४) |
| | | गौशला न.पा. महोत्तरी | २० जना | एस ई ई पास | संजय सिंह (९८५४०३४५७८) |
| | | लालबन्दि न.पा सर्लाही | २० जना | एस ई ई पास | लक्ष्मि सिवाकोटी (९८४९४२३६६०) |
| ४ | हाउस वायरिंग | बलान बिहुल गा.पा. सप्तरी | २० जना | साधरण लेखपढ | राम नारायण यादव (९८०४७२७६३५) |
| | | औरही न.पा. महोत्तरी | २० जना | साधरण लेखपढ | मनिष कुमार यादव ९८०८७५३१३७ |
| | | मिथिलाबिहारी न.पा. धनुषा | २० जना | साधरण लेखपढ | शुशिल कुमार कर्ण (९८४४०२५०८३) |
| ५ | प्लम्बर | मटिहानी न.पा. महोत्तरी | २० जना | साधरण लेखपढ | महेश राउत (९८०४८११८५०) |
| ६ | मोबाईल मर्मत | तालिम केन्द्र भवन जनकपुर | २० जना | एस ई ई पास | श्यामकिशोर सहनी (९८४४०२६४५२) |
| ७ | मोटरसाईकल मर्मत | धनुषाधाम नगरपालिका | २० जना | साधरण लेखपढ | मनोज कुमार लालकर्ण (९८०१६०१२१७) |
| ८ | जनरल मेकानिक्स | तालिम केन्द्र भवन | २० जना | साधरण लेखपढ | रामनारायण मण्डल (९८४४०५२१००) |
| ९ | वेल्डर | शहिदनगर नगरपालिका | २० जना | साधरण लेखपढ | देबेन्द्र प्रसाद साह (९८४४०२२५७०) |
| १० | कम्प्युटर | तालिम केन्द्र भवनजनकपुर | ४० जना | एस ई ई पास | जय प्रकाश यादव (९८१५८७६७८१) |
| | | राजबिराज सप्तरी | ४० जना | एस ई ई पास | ज्योतिषकुमार यादव (९८५२८२११८४) |

१. प्रशिक्षार्थीहरुले आवेदन फाराम भर्न नेपाली नागरिकताको प्रतिलिपि १ प्रतिफोटो १ प्रति र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिको साथमा यस केन्द्रबाट निशुल्क प्राप्त हुने आबेदन फाराम भरी मिति २०८०।१०।२१गते भित्र बुझाउनु पर्नेछ साथै तालिम केन्द्र बाहेक अन्य तोकिएको स्थानमा सम्पर्क व्यक्ति संग सम्पर्क गरी उल्लेखित कागजात सहित २०८०।१०।२१ गते भित्र आवेदन दिन सकिनेछ।
२. तालिम लिन ईच्छुक उम्मेदबारको उमेर १८ वर्ष देखी ४० वर्ष सम्म हुनुपर्नेछ। प्रशिक्षार्थी छनौट अर्न्तबार्ता द्वारा गरिनेछ।
३. माथी उल्लेखित तालिम कार्यक्रमहरुमा प्रशिक्षार्थी अपुग भएमा तालिम सञ्चालन गर्ने नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ।
४. आबेदन फाराम यस तालिम केन्द्रको वेवसाईट vsdtcdhanusha.madhesh.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।
५. २०८०।१०।२२ गते सम्पर्क मिति राखिएको छ र अर्न्तबार्ता सम्बन्धि सूचना सम्पर्क मितिको दिनमा प्रकाशित गरिनेछ।
६. उपरोक्त अनुसारको तालिममा विपन्न, द्धन्द पिडित, दलित, अपाङ्ग, शहिद परिवार, एकल महिलालाई विशेष प्राथमिकता दिईनेछ।
७. अन्य वृस्तित जानकारीको लागी तालिम केन्द्रमा वा फोन नं ०४१५२२६३७/९८५४०८०६३७/९८४४०५३९३९ सम्पर्क गर्न सकिनेछ।


# राष्ट्रिय वाणिज्य बैंकसहित ४ टिम सेमीफानलमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा जारी प्रदेश स्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंकसहित विभिन्न ४ वटा बैंकका क्रिकेट टिम सेमीफाइलमा पुगेको छ।

शनिवार भएको क्वाटर फाईनल म्याचमा राष्ट्रिय वाणिज्य बैंक, लक्ष्मी सनराईज बैंक, प्रभु बैंक र नबिल बैंकका क्रिकेट टिम विजयी भएका छन् । विजयी भएका विजयी टिमहरु सेमीफाईनल म्याच खेल्ने आयोजक संस्था नेपाल राष्ट्र बैंक कर्मचारी संघ जनकपुरधामले जनाएको छ । संघका अनुसार आइतबार सेमीफाईलमा प्रभु बैंक र नबिल बैंक बीच र अर्को खेल राष्ट्रिय वाणिज्य बैंक र सनराईज बैंकका टिम बीच हुने छ।

शनिवार भएको क्वाटर फाईनलको पहिलो खेलमा नबिल बैंकले कृषि विकास बैंकलाई ३९ रनले पराजित गरेको छ । टाँस जितेर पहिले बैटिङ्ग रोजेका नबिल बैंकले १० ओभरको खेलमा ७ विकेट गुमाउदै १ सय ७ रन बनाएका थिए। १०८ रन विजय लक्ष्य लिएर मैदानमा उत्रेका कृषि विकास बैंकल निर्धारित १० ओभरमा ४ विकेटको नोक्सानमा मात्र ६४ रन बनाउन सकेका थिए। उक्त खेलको म्यान अफ दि म्याजको उपाधि नबिल बैंकमा दिनेश अधिकारीलाई प्रदान गरियो।




त्यसैगरि, कुमारी बैंक र प्रभु बैंक बीच भएको दोस्रो खेलमा प्रभु बैंकले८ विकेटले जीत हात पारेको छ। टाँस जितेर पहिलो बैटिङ्ग गरेका कुमारी बैंकले ६ विकेटको नोक्सानमा ८६ रन बनाएको थियो । ८७ रनको विजयी लक्ष्य लिएर बैटिङ गरेका प्रभु बैंकले २ विकेटकै नोक्सानमा लक्ष्य पाउन सफल भएका थिए। सो म्याचको म्यान अफ दि म्याचको उपाधि आशुतोष बैद्यलाई प्रधान गरिएको संघका अध्यक्ष सियाराम यादवले जानकारी दिए।

तेस्रो म्याज मल्टिपर्पस फैनान्स र लक्ष्मी सनराईज बैंक बीच भएको थियो । टाँस जितेर सनराईजले पहिलो बल्डिङ रोजेको थियो। मल्टिपर्पस फैनान्स टिमले ४ विकेटको नोक्सानमा ८४ रन बनाएका थिए। जवाफी पारि खेल्दै सनराईजले १ विकेटकै नोक्सानमा विजयी लक्ष्य पुरा गरेका थिए। सनराईज ९ विकेटले विजयी भएको अध्यक्ष यादवले बताए।

त्यसैगरि, क्वाटर फाईनलको अन्तिम खेल राष्ट्रिय वाणिज्य बैंक र सानिमा बैंकका टिम बीच भएको थियो। सो खेलमा राष्ट्रिय वाणिज्य बैंकले ५७ रनले सानिमा बैंकलाई हराउदै सेमिफाईलनमा आफ्ना स्थान सुरक्षित गरेको छ। टाँस जितेर पहिलो बैटिङ रोजेका राष्ट्रिय वाणिज्य बैंकले निर्धारित १० ओभरको खेलमा ५ विकेट गुमाउदै १ सय १५ रन बनाएको थियो। ११६ रन विजयी लक्ष्य लिए मैदानमा उत्रेका सानिमा बैंकका टिमले ६ विकेट गुमाउदै मात्र ५८ रन जोड सकेका थिए।

नेपाल राष्ट्र बैंक कर्मचारी संघ जनकपुरधामको आयोजना भईरहेको यो दोस्रो प्रदेश स्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगिताको प्रयोजक राष्ट्रिय वाणिज्य बैंक, एनलाईसी एशिया बैंक र प्रभु बैंक रहेको छ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# बलिदानी दिवसको सार्थकता

नेपालमा मधेशीसित हुने गरेको विभेद अझै अन्त्य भइसकेको छैन् ।तर मधेशीले पाएका अधिकार मधेश आन्दोलनको ठूलो उपलब्धि हो ।मधेशका नागरिकलाई अधिकार सम्पन्न बनाउन कयौं पटक आन्दोलनहरु भएका छन् ।त्यसक्रममा सयौं मधेशी सपुतहरुले जिवनको आहुती दिएका छन् ।वीर युवाहरुले आन्दोलनलाई उपलब्धिमुलक बनाउन ज्यान न्यौछावर गरेका हुन् ।उनीहरुको त्यागले मधेशी नागरिकलेपनि केहि क्षेत्रमा समानताको अधिकार पाएका छन् ।अझै धेरै अधिकार लिन बाँकी छ ।अधिकारको आन्दोलन लामो समय निरन्तर चलिरहे मात्र उपलब्धी प्राप्त हुन्छ ।मधेश आन्दोलनबाट प्राप्त उपलब्धीको रक्षा गर्नु नै अहिलेको प्रमुख चुनौती हो ।मधेशी जनताले विगतमा नेपाली हुनकै लागि संघर्ष गर्नु परेको थियो ।भुगोल र भाषाको आधारमा हुने गरेको विभेदमा कमि आएको छ ।क्रमिक रुपमा त्यो हट्नेपनि छ ।मधेश आन्दोलनको क्रममा बलिदानी दिनेहरुको स्मरण र सम्मान गरिरहे बाँकीको अधिकार प्राप्तिपनि हुने निश्चित छ ।मधेश नेपालको अभिन्न भूभाग हो र मधेशी नेपाली रैथाने नागरिक हुन् ।यो यथार्थलाई राज्यसत्ताले स्वीकार गर्नै पर्छ ।मधेशको इतिहास स्वाभिमानले भरिएको छ ।मधेशको अधिकार सुनिश्चित गर्न विगतमा भएका आन्दोलनहरुलाई सफल नै मान्नु पर्छ ।नेपालको पछिल्लो अन्तरिम संविधानमा मधेश आन्दोलनले मधेशीको धेरै अधिकारहरु सुनिश्चित गरेको थियो ।तर त्यसपछि मधेशका नेताहरुमा देखिएको सत्तालिप्साले वर्तमान संविधान जारी हुँदा अन्तरिम संविधानमा उल्लेखित अधिकारहरु समेत खोसियो ।मधेशी सपुतको बलिदानीलाई अबमूल्यन गरियो ।राज्यसत्ताले सहिदको बलिदानीलाई अबमुल्यन गर्दा बिद्रोह हुन नसक्नुको कारण नेताहरुको सत्तालोलुप्ता नै थियो ।देशमा दुईवटा संविधान सभाको निर्वाचनमा मधेशी दलहरुले प्राप्त गरेको उपलब्धिलाई सत्तासाझेदारीमा लगाए ।त्यसकारण नै मधेशीको अधिकार खोसियो ।मधेशमा बलिदानी दिवस मनाएर सहिदहरुप्रति श्रद्धासुमन अर्पित गरेर औपचारिकता निर्वाह गर्नु बाहेक केहि होइनु ।सहिदहरुको सपनालाई सकार पार्न बलिदानी दिवसमा मधेश प्रदेश सरकार र नेताहरुले प्रण गर्नुपर्छ ।विभाजित भएर मधेशले पाएको अधिकार समेत खोस्न लगाउने काम गर्न हुँदैन् ।इतिहासले भविष्यमा सराप्ने निश्चित छ ।आन्दोलन जारी छ, अथवा थप आन्दोलन गर्नुपर्ने नैतिक बल नेताहरुमा खस्किएको छ ।सत्तालाई प्राथमिकतामा राखेर अधिकारको आन्दोलनलाई पूर्ण उपलब्धिमुलक बनाउन सकिदैन् ।अधिकारका लागि हुने आन्दोलन लामो समय चल्ने भएकाले सत्ता भन्दा बाहिर रहने सहास नेताहरुले जुटाउन सक्नु पर्छ ।अनि मात्र बलिदानी दिवसको सार्थकता हुनेछ ।

# भारतको राजनीति र राम मन्दिर



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि (सोमवार) अयोध्यामा भगवान रामको बालरुपको प्रतिमा (रामलला) को प्राण प्रतिष्ठा गर्ने विषयले अधिकांस हिन्दु समुदाय उत्साहित देखिन्छ । अर्कोतर्फ, भारतको प्रतिपक्ष दलबीच हल्लीखल्ली मच्चिएको छ। भारतका काँग्रेसलगायत अधिकांस प्रतिपक्षी दलले प्रधानमन्त्री मोदीले भगवान रामको नाममा राजनीतिकरण गरिरहेको आरोप लगाउँदै प्राण प्रतिष्ठाका दिन सो स्थलमा सहभागी नहुने जनाएका छन्। केही महिनापछि भारतमा लोकसभा सदस्यको निर्वाचन हुनेछ । हिन्दुमतलाई आफूतिर तान्नका लागि भारतीय जनता पार्टीले राष्ट्रिय उत्सवको रुपमा मनाउन खोजिएको उनीहरुको आरोप छ।

भारत सरकारले प्राण प्रतिष्ठाको शुभ अवसर प्रत्यक्ष प्रशारण हेंनका लागि आधा दिनको विदा पनि दिएको छ। भारतभर उत्साह छाएको देखिन्छ। नेपालमा पनि सो दिन विभिन्न स्थलहरुमा विशेष पुजापाठ र दीपावली मनाउनका लागि जोडतोडका साथ तयारी भइरहेको देखिन्छ।


भारतलगायत अन्य कतिपय मुलुकमा मन्दिर निर्माण भइरहन्छन् । अयोध्यामैं भगवानका दर्जनौं मन्दिर छन्। आखिर, के कारणले सो स्थानमा मन्दिर निर्माण र भगवान रामको बालरुपको मूर्ति स्थापित हुने धेरै बढी चासो र महत्व दिइएको हो।

सन् १०२४मा अफ्गानिस्तानको गजनी क्षेत्रबाट पाँच हजार लुटेरा लिएर गुजरातको सोमनाथ मन्दिर पुगेका मोहम्मद गजनवीले विध्वंश मच्चयाउँदै ठूलो परिमाणमा मन्दिरको खजानामा रहेका हजारौं क्विन्टल सुन लुटेर लगेका थिए। उक्त मन्दिरमा अपार सम्पति रहेको भनेर सत्रह पटक लुटपाट भयो। मन्दिर ध्वस्त पारेको थियो । मन्दिरको बाचिँएको अवशेषमा भगवानको पुजा हुन्थ्यो । भारत स्वतन्त्र भएपछि गृहमन्त्री बल्लभभाइ पटेलले चन्दा संकलन गरेर मन्दिरको जिर्णोद्धार शुरु गर्‍यो । मन्दिर निर्माण हुनुअगावै पटेलको निःधन भयो । मन्दिर पूर्णरुपमा तयार भएपछि राष्ट्रपति डा. राजेन्द्र प्रसादले विधिवत रुपमा उद्घाटन गरेको थियो। अहिले राम मन्दिरको उद्घाटन प्रधानमन्त्री मोदीले गर्न लागेको छ। भनिन्छ, सोमनाथ मन्दिरको उद्घाटनको समयमा पनि यस्तै उत्साह देखिन्थ्यो। प्रत्येक धर्मको सवैभन्दा महत्वपूर्ण पवित्रस्थल र देउता हुन्छ । इसाईको भेटिकनसिटि, मुश्लिमको मक्का र मदिना हुन्। त्यस्तै, अयोध्या नगरी पनि हिन्दु धर्मालम्बीहरुको नजरमा पवित्रस्थल हुन्। चार सय बैरानब्बे बर्षपछि पुनः भगवान राम विराजमान हुने खवरले हिन्दुहरु बढी उत्साहित हुन सामान्य हो।

हिन्दुहरुको महत्वपूर्ण धार्मिकस्थलहरु मध्ये अयोध्याको पहिचान विशिष्ठ छ। धार्मिकग्रन्थको आधारमा अयोध्याको चर्चा त्रेतायुगदेखि नै छ। हजारौ. बर्ष पहिले अयोध्याका राजा दशरथका ज्येष्ठ सुपुत्रको रुपमा रामको जन्म भयो। युग परिवर्तनपछि कलियुगमा रामजन्म लिएको स्थल पहिचान गरी मन्दिर निर्माण गरी भगवान रामको बालरुपको मूर्ति स्थापित गर्‍यो । कालान्तरमा राजा विक्रमादित्यले उक्त मन्दिरको जिर्णोदार गराएका थिए । त्यसपछि, पटक पटक राजाहरुले मर्मत सम्भार गर्दे आएका थिए। विश्वकै हिन्दुहरु आफ्ना पवित्रस्थल अयोध्या पुगेर भगवान रामको दर्शन र पुजापाठ गर्ने गर्छन्।

समयले कोल्टो फेर्‍यो । सन् १५२६मा उज्बेकिस्तानबाट आएका तैमुर वंशका जहिर उद्दीन मोहम्मद, बाबरले दिल्लीका सुल्तान इब्राहिम लोदीको सेनासँग हरियाणाको पानीपतमा युद्ध लड्यो। लोदीको लाखौं सेना हुँदाहुँदै पनि ठीक ढङ्गले व्यवस्थापन गर्न नसक्दा बावरको मात्र अठारह हजार सेनासँग लड्दापनि लोदीको पराजय भयो। बावर युद्धमा जितेपछि दिल्लीको सिँहासन कब्जा गर्‍यो । त्यसपछि, उनका सेनाले सन् १५२८मा अयोध्यानगरीमा हजारौं बर्षअघि निर्माण भएका रामजन्म भूमिमा अवस्थित मन्दिरको अग्रभागलाई भत्काई तीनवटा गुम्बज थपेर मस्जिदको रुपमा परिणत गर्‍यो । त्यसको नाम बावरी मस्जिद राख्यो। मस्जिद भनिएपनि भित्रि भागमा मन्दिरकै अवशेष थियो। हिन्दुहरुले आफ्नो आस्था, धर्म र संस्कृतिमाथि तुषारापात भएको सम्झेर पटक पटक युद्धपनि लड्यो।

भारतमा मुगल शासनको अन्त्यपछि अङ्ग्रेजको शासन शुरु भयो। त्यसपछि, मन्दिरहरु भत्काउनेजस्ता घटनामा विराम लाग्यो । बावरी मस्जिदअघि सो स्थानमा राम मन्दिररहेकाले सो ठाउँ आफूहरुलाई पाउनुपर्ने माग राखेर हिन्दु समुदायले सन् १८५३मा पहिलोपल्ट सो स्थान कब्जाका लागि सङ्घर्ष शुरु गर्‍यो । हिन्दु र मुश्लिम समुदायबीच विवाद बढ्दै गएपछि सन् १८५९मा अङ्ग्रेज शासकको प्रशासनले विवादित ठाउँमा तारवारले घेरा गर्‍यो। मुश्लिमहरुलाई उक्त ढाचाको भित्र र हिन्दुलाई बाहिर चौंतारामा पूजा गर्न अनुमति दियो। बावरी मस्जिद र हिन्दुको पुजास्थलको प्रवेशद्वार एउटै थियो। दुवै



समुदायबीच सामान्य विवादपनि भइरहन्थ्यो। भारत स्वतन्त्र भएपछि पुनः राम मन्दिरको विषयको चर्चाले ठाउँ पायो। २३ दिसम्बर १९४९ मा भगवान रामको मूर्ति मस्जिदमा पाइयो । हिन्दुहरुको दावी भगवान प्रकट भएका हुन् । तर, मुशलमानहरुले रातिको समयमा चुपचाप मूर्तिराखेको आरोप लगाएको थियो। दुवै समुदायबीच तनाव बढ्दै गएपछि उत्तर प्रदेशको सरकारले मूर्तिहरु हटाउन आदेश दियो। तर, जिल्ला मजिष्ट्रेट केके नायरले हिन्दु र मुश्लिमबीच दङ्गा भड्कने डरले मूर्ति हटाउन असमर्थता प्रकट गर्‍यो। त्यसपछि, सरकारले विवादित ढाचा मानेर तालाबन्दी गर्‍यो । सन् १९५०मा फैजावाद सिविलकोटमा रामललाको पुजाको अनुमति र विवादित ढाचामा भगवान रामको मूर्तिराख्ने इजाजत माग गर्दै उजुरी दर्ता गरिए। सन् १९५९मा निर्मोही अखाडाले पनि उजुरी दर्ता गराएको थियो । सन् १९६१मा युपीको सुन्नी वक्फबोर्डले विवादित ढाचाबाट मूर्ति हटाउन माग गर्दे उजुरी दर्ता गराएको थियो। सन् १९८४मा विश्व हिन्दु परिषदले विवादित ठाउँमा राम मन्दिर बनाउनका लागि समितिको गठन गरेको थियो । फैजावाद जिल्ला न्यायधीश केएम पाण्डेले १ फरवरी १९८६मा विवादित स्थलबाट ताल्चा हटाएर हिन्दुहरुलाई पुजा गर्न आदेश जारी गर्‍यो। तर, उच्च अदालतद्वारा रोक लाग्यो । सन् १९९०मा हिन्दुका कारसेवक (कार्यकर्ता)हरु सो विवादित स्थलमा पुग्न खोज्दा प्रहरीद्वारा गोली चलाउँदा एक दर्जन हिन्दु कार्यकर्ताको मृत्युभएको थियो । उतिखेर, मुलायम सिँह यादव मुख्यमन्त्री थिए । उक्त घटनाले गर्दा समाजवादी पार्टी नराम्ररी धक्का लाग्यो। त्यसपछि, उत्तर प्रदेशमा विधानसभाको निर्वाचन हुँदा भारतीय जनता पार्टी ठूलो दलको रुपमा स्थापित भयो। सो पार्टीका कल्याण सिँह मुख्यमन्त्री भए। ६ दिसम्बर १९९२मा विश्व हिन्दु परिषद र शिवसेनाका साथै लाखौं हिन्दुहरु पुगेर विवादित ढाचाको रुपमा रहेको भनिएका तीनवटै गुम्बज भत्काइएको थियो।

उत्तर प्रदेशका मुख्यमन्त्री कल्याण सिँह लाखौं मानिसलाई नियन्त्रण गर्न नसक्ने र गोली चलाउँदा थुप्रै जनाको ज्यान जान सक्ने कारण देखाएर गोली चलाउने आदेश दिएनन् । मध्याह्नदेखि नै गुम्बज भत्काउन शुरु भइसकेको थियो । उत्तर प्रदेशको सरकारले मौंन बसेको देखेपछि केन्द्रीय रिर्जव पुलिसको माग हुन थाल्यो। प्रधानमन्त्री पीवि नरसिम्हरावले सो आदेश दिनमा आलटाल गर्‍यो। अन्नतः तीनवटै गुम्बज भत्कियो।

सो घटनापछि देशभर साम्प्रदायिक दङ्गा हुँदा दुई हजार जनाको ज्यान गएको थियो। सन् २००२मा हिन्दु कार्यकर्ता लिएर गइरहेको ट्रेनलाई गुजरातको गोधरामा मुश्लिमहरु नियन्त्रणमा लिएर दुईवटा डिब्बाको (बोगी) ढोका बन्द गरी आगजनी गरेको थियो। त्यस घटनामा ५८ जनाको जलेर मृत्यु भएको थियो। त्यसपछि, गुजरातमा भडकिएको दंगामा दुई हजारभन्दा बढीको मृत्यु भएको थियो। धेरै बर्षसम्म अदालतमा स्थिगित रहेको रामजन्म भूमि र बावरी मस्जिदको विषयमा सुनवाई शुरु भयो। सन् २०१० को इलाहावाद उच्च अदालतले विवादित स्थललाई सुन्नी वक्फ बोर्ड, रामलला विराजमान स्थल र निर्मोही अखाडा बीचको भूमिलाई तीन तीन भागमा बाँड्ने आदेश गर्‍यो । सन् २०११ मा सर्वोच्च अदालतले इलाहावाद उच्च अदालतको निर्णयमाथि रोक लगाउने आदेश जारी गर्‍यो । १६ अक्टुबर २०१९मा सर्वोच्च अदालतले अयोध्याको मामिलामा सुनवाई पुरा गर्‍यो। ९ नोवेम्भर २०१९मा सर्वोच्च अदालतको पाँच न्यायधीशको बेञ्चले राम मन्दिरको पक्षमा फैसला गर्दै २.७७ एकड विवादित जमिन हिन्दु पक्षलाई प्राप्त भयो र मस्जिदका लागि ५ एकड जमिन अर्को ठाउँमा दिन आदेश गर्‍यो। ५ अगस्त २०२०मा प्रधानमन्त्री नरेन्द्र मोदीले राम मन्दिर निर्माणका लागि भूमि पूजन गर्‍यो। राम मन्दिरको इतिहास ५ अगस्त २०२०को सुनौंलो अक्षरमा अङ्कित भयो। ४९२ बर्षअघि मन्दिर भत्काइएपछि पुनः मन्दिर निर्माणका लागि अनेकौं पटक शक्ति सङ्घर्ष, वलिदारका साथै कानुन लडाइ लड्दै अन्ततः सर्वोच्च अदालतबाट आदेश प्राप्तपछि मन्दिर निर्माणको सपना साकार हुने बाटो खुलेको थियो। लामो सङ्घर्ष र धेर्यता राखेर हिन्दुवादी सङ्गठनहरुले भारतमा विट्रिस सरकार हुँदा बखतदेखि निरन्तर रुपमा कानुनी र वैचारिक लडाई लड्दै आएको थियो।

आउँदो माघ ८ गतेका दिन धार्मिक विधिपूर्वक प्राण प्रतिष्ठाको शुभ अवसरमा सहभागीका लागि राम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टले सात हजारभन्दा बढी व्यक्रिलाई आमन्त्रित गरेको छ। विभिन्न राजनीतिक दलका नेता, उद्योगपति, समाजसेवी, साधुसन्त र बलिउडका केही प्रसिद्ध हस्तिहरु छन्। यसका साथै, नेपालका पशुपतिनाथ मन्दिरका मूलपुजारी, जानकी मन्दिरका महन्थका साथै विभिन्न धार्मिक संस्थाका प्रतिनिधि, सन्त र योगीहरुलाई पनि सो अवसरमा सहभागी हुन आमन्त्रण गरिएको छ

राम मन्दिरको भूईतल्लाको निर्माण सम्पन्न भएको छ। अझैं दुई तल्ला चालु बर्षको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । राम मन्दिरको परिसर नागर शैलीमा तयार गरिएको छ। मन्दिरको लम्बाई ३८० फिट र चौंडाई २५० र उचाई १६१ फिटको रहनेछ । सो मन्दिरको निर्माणमा भारत सरकारबाट ट्रष्टले कुनै आर्थिक सहयोग लिएको छैन् । दाताहरुले ठूलो परिमाण आर्थिक सहयोग गरेको छ । मन्दिरका लागि आवश्यकपर्ने सुनका १४वटा ढोका पनि दाताले नै प्रदान गरेका हुन । हिरालगायत बहुमुल्य रत्नहरु पनि दाताहरुले उपलब्ध गराएका छन् । जनकपुरको जानकी मन्दिरका साथै स्थानीयलगायतले आभुषणका साथै मिथिलाको प्रसिद्ध कोसेली लिएर हजारौं श्रद्धालुहरु पुगेका थिए।

यतिखेर, समस्त अयोध्या नगरी राममय बनेको छ। सडकको पेटीहरुमा रामायणको सम्पूर्ण भागको चित्रण गरी श्रृङगारिएको छ । त्यस्तै, विमानस्थल र रेल्वे स्टेशनलाई पनि सोही अनुरुप भव्य एवम् मनमोहक रुपमा सजाइएको देखिन्छ।

राममन्दिर निर्माणका लागि भगवानप्रति समर्पित व्यक्ति एवम् साधुसन्तहरुले अठोट (प्रण)पनि लिएका थिए। सन् १९८०मा दतियाके एक सन्त मौंनी बावाले राम मन्दिर निर्माण नभएसम्म अन्न त्याग र मौंन व्रत रहने प्रण लियो। यस्तै, झारखण्डकी सरस्वती देवीले सन् १९९२मा बावरी मस्जिद भत्किएपछि उनले जवसम्म राममदिर निर्माण हुँदैन, तव सम्म मौंन व्रत लिने प्रण गरिन। ८५ बर्षीय उनी भगवान राम मन्दिरमा विराजमान भएपछि पहिलो शब्द जय 'सियाराम' बोल्ने पर्चा लेखेर पत्रकारलाई जानकारी गराइन्। गुजरातका दूर्गानन्द बावाले ट्रकलाई रथको रुपमा सजाएर आफ्नो टुप्पी (चोटी) र सो रथमा डोरी बाधेर ५६६ किलोमिटरसम्म यात्रा गर्ने लक्ष्यका साथ अयोध्या पुरिगरहेका छन् । यस्ता हजारौं रामप्रति समर्पित व्यक्तिहरुले आ-आफ्ना प्रणलाई साकार रुप दिनका लागि तल्लीन छन्। अयोध्यादेखि २० किलोमिटरको एक गाउँका सूर्यवंशी क्षत्रीयहरु मन्दिरको पक्षमा सयौंले ज्यान गुमाएका थिए , बचेखुँचैका व्यक्तिले जवसम्म मन्दिर निर्माण हुँदैन्, तवसम्मटाउको पगडी नबाँध्ने र घाममा छाता नओढने प्रतिज्ञा लिएका थिए। सो परिवारका मुखियाले अव प्रतिज्ञा पूर्ण हुने बताएका छन्। 'इतिश्री'

# विद्युतीय गाडी होइन, विद्युतीय चुलो प्रोत्साहन गरौं

डा.विश्वास गौचन

चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो चार महिनामा २ हजार ४ सय युनिट विद्युतीय सवारीसाधन (ईभी) आयात भएको तथ्यांक सार्वजनिक भएको छ। यसबारे अध्ययन गरिराखेको हिसाबले यो तथ्यांक हेर्दा हामी अलि छिटो ईभी प्रोत्साहन गर्ने नीतिमा गयौं कि भन्ने मेरो मान्यता छ। अन्ततः जाने त ईभीमै हो। तर, यो सही समय थिएन। किनकि, ब्याट्रीमा अहिले पनि विकास जारी छ। जति प्रविधि परिपक्व हुँदै जान्छ, त्यति मूल्य कम हुँदै जान्छ। हाम्रोजस्तो मुलुक उपयुक्त समयभन्दा अगाडि अलि हतारै गरेर यो नीतिमा गएको छ।

विश्वमा अहिले भइरहेको कार्बन उत्सर्जनमा नेपालको ज्यादै न्यून हात छ। त्यही कारणका लागि राज्यले यत्रो ठूलो सुविधा दिएर हतारो गरिहाल्नु पर्ने थिएन। यो आव पहिलो चार महिनामा करिब ७ अर्ब रुपैयाँ खर्च गरेर २ हजार ४ सयभन्दा बढी ईभी आयात भएको छ।

जति परिमाणमा हामीले ईभी आयात गर्‍यौं, त्यति नै परिमाणको विदेशी मुद्रामा पेट्रोल-डिजेल गाडी आयात गरेको भए के हुने रहेछ भनेर मैले हिसाब गरेको थिएँ। चार महिनामा जति ईभी आयात गरेका छौं । बाँकी आठ महिनामा यही परिमाणमा ईभी आयात गर्ने हो भने राज्यले करिब ४४ अर्ब रुपैयाबराबर राजस्वमात्र गुमाउने देखिन्छ।

गत वर्ष र यस वर्ष सरकारको मुख्य चुनौती नै राजस्व उठ्ती हो। यो सन्दर्भमा ४४ अर्ब रुपैयाँ ठूलो रकम हुन आउँछ। एकै आवमा गाडीबाट मात्र ४४ अर्ब गुमाउँदै छौं भने यो साँच्चै नै सही नीति हो त ?

ईभीमा मात्र हामीले यति ठूलो मात्रामा छुट दिएपछि यसको फाइदा के भयो त ? नीति निर्माताले यसमा विदेशी मुद्रा बच्ने तर्क गरिराखेका छन्। यो गलत हिसाब हो। अर्को, नेपाल विद्युत् उत्पादनक मुलुक हो। त्यसको खपत बढाउँछ भन्ने तर्क सुनिन्छ। यो पनि ज्यादै न्यून हुन्छ। यी तीन-चार आधार कारण मानिएको भए पनि यो हरेक पाटोबाट हेर्ने हो भने ठ्याक्कै उल्टो असर देखिन्छ।

पहिलो कारण मानिएको थियो- विदेशी मुद्रा सञ्चिति बढाउने। हामीले यहाँ 'टाटा नेक्सन' लाई उदाहरणका रूपमा लिऔं । यसको पेट्रोल गाडी पनि छ ईभी पनि छ। राम्रो तुलनामा यसको हुन्छ। किनकि, अहिले आयात गर्दा मूल्यमा १८ लाख रुपैयाँको फरक छ।

अर्थात्, पेट्रोल नेक्सनभन्दा ईभी नेक्सन आयात गर्दा १८ लाख बढी तिर्नुपर्छ। एउटा गाडी आयात गर्दा १८ लाख बढी बाहिरिन्छ। ईभीमा पेट्रोल नलाग्ने भएकाले पेट्रोल आयात कम हुन्छ, त्यसले यो अन्तरको क्षतिपूर्ति हुन्छ भन्ने जनमानसमा परेको छ।

सामान्यतया एउटा गाडीको आयु २० वर्ष मानौं । २० वर्षमा नेपालमा एउटा गाडी औसत १ लाख २० हजार किलोमिटरदेखि १ लाख ५० हजार किलोमिटर चल्छ। धेरैजसो गाडी १ लाखहाराहारी किलोमिटरमात्र चलेको देखिन्छ। निजी गाडी १ लाख ५० हजार किलोमिटरभन्दा बढी चल्दैन । गाडीको वास्तविक क्षमता ३ लाख किलोमिटरहाराहारी भए पनि हामीले त्यसको आधामात्र क्षमता उपयोग गर्न सक्छौं।

नेपालको सन्दर्भमा बढी राजस्व आउने गाडी आयातबाट हो। त्यसमै राज्यले छुट दिँदा वित्तीय व्यवस्थापनमा धेरै अप्ठ्यारो पर्ने देखिन्छ।

डेढ लाख किलोमिटर गाडी चलाइयो र टाटा नेक्सनले दिने प्रतिलिटर १७ किलोमिटर माइलेजलाई १५ किलोमिटरमात्र मानेर हिसाब गर्दा जम्मा १० हजार लिटरमात्र पेट्रोल २० वर्षमा खपत हुन्छ। पेट्रोलको आजको आयात मूल्य प्रतिलिटर ८० रुपैयाँ छ। हामीले विदेशिने मूल्यको हिसाब गरिरहेका कारण आयात मूल्यको मात्र हिसाब गरिएको हो । यसमा विभिन्न कर थपेर बजार मूल्य निर्धारण गरिएको हुन्छ। यस आधारमा २० वर्ष अवधिमा एउटा टाटा नेक्सन गाडीले जम्मा ८ लाख रुपैयाँको मात्र पेट्रोल खपत गर्ने रहेछ। जहाँ कि हामीले ईभी किन्दा सुरुमै १८ लाख रुपैयाँ बढी खर्च गरेका छौं। यसमै १० लाख रुपैयाँको फरक देखियो।

यसमा ईभीमा मर्मतसम्भार (मेन्टिनेन्स) खर्च बच्छ भन्ने तर्क आधार लिने हो भने यसको खर्च वर्षमा ३० हजार मानौं। अर्थात्, २० वर्षको मेन्टिनेन्स खर्च ६ लाख पर्न आउँछ। यो ६ लाखमा पनि डिस्काउन्टेन्ट भ्यालु पनि हेर्नुपर्छ।

तर, सबै हिसाब गर्दा पनि ८ लाख र ६ लाख गरी पेट्रोल र मेन्टिनेन्समा १४ लाख रुपैयाँ २० वर्ष अवधिमा एउटा गाडीमा विदेशी मुद्रा खर्च हुने रहेछ । भनेपछि, आफैंमा यो गलत अवधारणा भएको पुष्टि हुन्छ। ईभी ल्याएर विदेशी मुद्रा सञ्चितिमा योगदान पुग्छ भन्नु गलत भयो।

हरेक वर्ष नेपालमा बजेट घाटाको स्थिति छ। पछिल्लो सात वर्ष लगातार औसत पाँच प्रतिशतको बजेट घाटा देखिन्छ। कोभिडपछि बजेट घाटा बढ्ने र सार्वजनिक ऋण पनि सोही अनुपातमा बढिरहेको अवस्था छ। राजस्व उठ्ने क्रम कम भएसँगै ऋण बढ्न जान्छ।

पछिल्लो चरणमा जुन हिसाबले सार्वजनिक ऋण लिएका छौं, यो दीर्घकालीन फाइदाको विषय होइन। केही वर्षपछि तिर्नुपर्ने सार्वजनिक ऋणको हिस्सा असाध्यै ठूलो हुन्छ। त्यसकारण हाम्रो नियन्त्रणमा जे-जे कुरा छन् र त्यसले सरकारको राजस्व बढाउन भूमिका खेल्छ, त्यो उपाय अपनाउनुपर्छ। नेपालको सन्दर्भमा बढी राजस्व आउने गाडी आयातबाट हो। त्यसमै राज्यले छुट दिँदा वित्तीय व्यवस्थापनमा धेरै अप्ठ्यारो पर्ने देखिन्छ। यही आवमा पनि ४४ देखि ४५ अर्ब निजी गाडी आयातमा राजस्व गुमाउने देखिन्छ। यो ४५ अर्बले के के गर्न सकिन्थ्यो भन्ने प्रश्न आउँछ। यो ठूलो स्रोत हो।

अहिले ईभीभन्दा पनि विद्युतीय चुलो हाम्रो प्राथमिकतामा हुनुपर्ने थियो । किनकि, विद्युतीय चुलोको प्रभाव निकै प्रभावकारी छ। पहिलो चार महिनामा २ हजार ४ सय युनिट ईभी आयात भए। यी उच्च वर्ग र उच्च मध्यम वर्गले चलाउने गाडी हो। के यो वर्गलाई राज्यले यस्तै प्रकारले सुविधा दिनुपर्ने अवस्था हो त ? त्योभन्दा बरु विद्युतीय चुलोलाई देशव्यापी बनाउन सक्ने हो भने यसले अर्थतन्त्र, सामाजिकदेखि स्वास्थ्यसम्म राम्रो प्रभाव छाड्छ।

एमसीसी परियोजनाको ५० अर्बमध्ये ३० अर्ब रुपैयाँ ट्रान्समिसन लाइनमा छुट्ट्याइएको छ। यसै वर्ष सरकारले छुट दिने ४४/४५ अर्ब रुपैयाँ ट्रान्समिसन लाइनमा छुट्ट्याउन सकेको भए। पूर्वाधार बनाउन सकेको भए, काठमाडौ लगायत सहरी क्षेत्रमा भएको ट्रान्सफर्मरको समस्या समाधानमा लगानी गरेको भए ठूलो समस्या समाधान हुने थियो । काठमाडौंमा विद्युतीय चूलो चलाउन खोज्दा पनि ट्रान्सफर्मरको समस्याले प्रभावकारी हुन सकेको छैन।

अहिले डिजिटल पूर्वाधार, ट्रान्समिसन लाइन र शिक्षामा बढी लगानी गर्नुपर्ने छ। ४५ अर्बलाई यी क्षेत्रमा लगानी गर्न सकेको भए यसको आर्थिक प्रभाव र प्रतिफलसमेत छिटो र उच्च हुने थियो।

हरेक निर्णय गर्दा त्यसको 'अपर्चुनिटी कस्ट' हेर्नुपर्छ। यसपालि जुन खालको नीति ल्याइयो, यसले दिएको छुट गलत ठाउँमा भयो भन्ने महसुस हुनुपर्छ । यसले सीमित उपल्लो वर्गले मात्र सुविधा पाएको छ। अब आउने बजेटमा यसलाई सुधार गर्नुपर्छ।

अर्कातर्फ, ईभी आउनासाथ विद्युत् खपत बढिहाल्छ भनिएको छ, यो पनि होइन । नेपालमा निजी गाडी संख्या ३ लाखहाराहारी छ। यो सबै ईभी भइदिएको भए जम्मा सय मेगावाट पनि खपत हुँदैन।

हामीले सबै ईभी हुनासाथ बिजुली खपत यति धेरै हुन्छ भन्ने सोचेका छौं, तर ईभी धेरै इफिसियन्ट छ । एक युनिटले ६/७ किलोमिटर चल्छ। अर्थात्, १० रुपैयाँले ६/७ किलोमिटर चल्छ। नेपालमा एउटा निजी गाडी औसत दैनिक २० किलोमिटरभन्दा धेरै चल्दैन । त्यो पनि एकदमै धेरै । काठमाडौंमा लामो यात्रा गर्नु नै पर्दैन।

कार्बन उत्सर्जनले बोर्डर त चिन्दैन। त्यसकारण भारत र चीनले नघटाएसम्म हामीले मात्र घटाएर केही हुन्न।

नेपालमा ६७ लाख परिवार छन्। सन् २०३० सम्म सबै घरमा विद्युतीय चुलो पुर्‍याउन सकियो भने पनि २ हजार मेगावाट विद्युत् यसले खपत गर्छ। त्यो भनेको प्रतिव्यक्ति विद्युत् खपतमात्र २ सय ५० युनिटले वृद्धि हुनु हो। अहिले ३ सय ८० छ। त्यसमा २ सय ५० युनिट थप हुन्छ।

त्यसको त्यति ठूलो प्रभाव रहेको छ। प्रविधि परिपक्व हुँदै जाँदा मूल्य पनि घट्दै जान्छ । २०३० भित्र ईभी र पेट्रोल गाडीको मूल्य बराबरीजस्तो हुन आउँछ। त्यसो हो भने २०३० सम्म किन नकुर्ने ? हामीले मात्र ईभी चलाएर कार्बन उत्सर्जन कम हुने अवस्था छैन। विश्वमा हाम्रो हिस्सा ०.०४ प्रतिशतमात्र हो।

# जनता राज्यप्रति बफादार र इमान्दार हुनुपर्ने नेता खानको भनाइ

टुडे समाचारदाता

काठमाण्डु । सङ्घीय सांसदको हैसियतले सांसद, मन्त्रिपरिषद्को सदस्य र विषयगत समितिको सभापतिका रुपमा अहिले भइरहेको संसदीय अभ्यासलाई तीन चरणमा हेर्न, बुझ्न र अनुभव गर्न पाएको छु ।

प्रतिनिधिसभा सदस्य निर्वाचन जितेर आएपछि छोटो अवधि नै भए पनि मन्त्रिपरिषद्मा रहेर काम गरेको अनुभव छ । संसदीय समितिको सभापतिको भूमिकामा रही अहिले काम गरिरहेको छु । सांसदको भूमिकामा रहँदा संसद्मा निर्वाचन क्षेत्र, जिल्ला र राष्ट्रिय महत्त्वका घटना, परिघटना र विषयवस्तु उठाउने गरिन्छ । सदनमा कुन विषय कसरी राख्ने र त्यसको छिटोछरितो सम्बोधन कसरी भन्ने कुनै कार्यविधि छैन । केवल बोल्ने, रेकर्ड गराउने र हिँड्ने मात्र भएको छ । उठाइएका विषयवस्तुको कार्यान्वयन कहिले भन्ने विषय सधैँ प्रश्न छ । सबै सांसदको आ-आफ्नै कार्य जिम्मेवारी र उत्तरदायित्व छ । कुनै पनि विषय सदनमा प्रवेश गराए पनि कार्यान्वयन भइहाल्छ भन्ने सुनिश्चिता छैन । बरु अन्यौल नै छ । सदनमा सबैले आ-आफ्ना तर्क राखे तापनि निर्णय प्रक्रिया बहुमतीय प्रणालीबाटै हुन्छ । जति नै राम्रा विषय र बहस भए पनि अन्तिममा 'हुन्छ र हुन्न'को बहुमतबाट किनारा लगाइन्छ । सार्वभौमसत्ता सम्पन्न भएर पनि सांसदको निर्णय प्रक्रियामा निर्णायक भूमिका देखिन्न । पार्टीका केही नेताको निर्णय नै सर्वोपरि हुनेगर्छ । बजेटमाथिको छलफलमा एक महिना भाग लिइयो तर कुनै परिवर्तन भएन । कतिपय विषय 'रेडिमेट' अवस्थामा प्रवेश हुन्छ । पछि जति नै सुझाव दिए पनि त्यही स्थितिमै पारित गरिन्छ ।

मन्त्रिपरिषद्मा रहँदाको अनुभव एउटा मन्त्रीले चाहँदैमा सबै कुरा हुन्छ र सकिन्छ भन्ने होइन । मन्त्रीले चाहने हो भने जे पनि गर्न सक्छ भन्ने जनमानसमा सोच छ, त्यो सोच अहिलेको परिप्रेक्षमा भ्रम मात्र हो । धेरै खुड्किला र चरण पार गरेपछि मात्र काम हुनसक्छ । त्यसका लागि मन्त्रालयको सचिवसहित कर्मचारीतन्त्रलाई विश्वासमा लिनुपर्छ । उहाँहरूमा पनि देश र जनताप्रति केही गर्नुपर्छ भन्ने जिम्मेवारी बोध हुनुपर्छ । त्यसमा पनि मन्त्रीको भूमिका, नियत र कार्यशैलीमा धेरै कुरा निर्भर रहन्छ । मन्त्रीजस्तो हुन्छ, कर्मचारीको पनि सोहीअनुरुपको बानी बेहोरा हुन्छ । त्यसमा पनि अर्थ मन्त्रालय र मुख्यसचिवको कुरा आउँछ । कुनै पनि काम पूरा गर्न सबै प्रक्रिया र चरणमा तालमेल मिल्नुपर्छ । नत्र जति नै राम्रो योजना बनाए पनि अर्थ मन्त्रालयले सहमति नदिएसम्म कार्यान्वयनमा ल्याउन सकिन्न । प्रधानमन्त्रीलाई पनि



विश्वासमा लिनुपर्छ । कुन काम कसरी गराउने भन्ने उहाँको सोचमा निर्भर रहन्छ । मन्त्रिपरिषद्मा उहाँकै अन्तिम निर्णय हुन्छ । मन्त्रालयको वातावरण, अर्थ मन्त्रालय, मुख्यसचिव र प्रधानमन्त्रीबीच आयोजना अघि बढाउने विषयमा एउटै मत हुन आवश्यक छ, अनि मात्र योजना कार्यान्वयनमा जान सक्छ । मन्त्रिमण्डलमा रहँदाको यो मेरो अनुभव र बुझाइ हो । अहिले संसदीय समितिको सभापतिको भूमिकामा रहँदा खासगरी सबै विषयगत सक्रिय र प्रभावकारी नै देखिरहेको छु । बैठक, अनुगमन र निर्देशन गर्ने कार्यमा समितिले लापर्वाही गरेको छैन । समितिका निर्देशन यति समयभित्र पालना गर्नुपर्छ भन्ने कुनै बाध्याकारी नियम पनि छैन । कहिले लागू गर्ने भन्नेमा सम्बन्धित मन्त्री र सचिवमा निर्भर पर्छ । छिटो छरितो र जनतालाई देखाउने काम गरिहाल्ने प्रभावकारी नियमकारी व्यवस्था छैन । निश्चित अवधिभित्र गर्ने बाध्यकारी अवस्था नभएकाले समितिका कारबाही प्रभावकारी ढङ्गले भएको देखिन्न । तथापि, सांसदले उठाएका विषय कही लागू नै हुँदैनन् भन्न पनि सधैँ मिल्दैन । मैले उठाएका धेरै भएको कुरा लागू भएका छन् । तर कति समयपछि कसरी लागू हुने भन्ने विषय भने अन्यौल छ । त्यसका लागि कार्यान्वयन गर्ने कार्यविधि आवश्यक छ । समितिका निर्देशन अन्तरमन्त्रालयबीचको झन्झटिलो प्रक्रियाले पनि प्रभावित तुल्याएको छ ।

उता सरकारका गतिविधिलाई चुस्त बनाउन सम्पूर्ण मन्त्रिमण्डल सक्रिय र प्रभावकारी हुनुर्छ । प्रधानमन्त्रीलाई गाली गरेर मात्र समस्या सम्बोधन हुन्न । मन्त्रीलाई सरापेर मात्र पनि केही हुन्न । त्यसका लागि सम्पूर्ण संसद् पनि जिम्मेवार हुनुपर्छ । कर्मचारी संयन्त्र स्थायी सरकार भएकाले देश र जनतालाई ख्याल गरेर कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्छ । मन्त्रिमण्डका सदस्य पनि जनताप्रति बफादार रही केही गरौँ भन्ने सोच बोकेको हुनुपर्छ । अनि सरकार र कर्मचारीतन्त्रबीच तरतम्य मिल्नपर्छ । प्रधानमन्त्री जस्तोसुकै दूरदर्शी आए पनि मन्त्रिमण्डल र कर्मचारीतन्त्रले निर्देशनको परिपालना भएन भने स्वभाविकरुपमा समयमा असल नतिजा दिन सकिँदैन । भनिन्छ, "सचिव सफल भनेको मन्त्री सफल, मन्त्री सफल भनेको प्रधानमन्त्री र देश सफल हुनु हो ।"

देशमा विश्वासको वातावरण अहिले गुमेको अवस्था छ । समाजमा सबै बिग्रियो केही हुनेवाला छैन भन्नेजस्तो सोच र भाष्य निर्माण भएको छ । मानिसमा देखिएको त्यो नकारात्मक चिन्तनलाई सकारात्मकतर्फ रुपान्तरण गर्न आवश्यक छ । संसारका जुनसुकै मुलुकको इतिहास अध्ययनमा जब देशमा सङ्कट आउँछ, जुनसुकै मूल्य चुकाएर भए पनि जनता जागृत भई निकास दिएका थुप्रै उदाहरण छन् । देश अप्ठेरामा परेका बेला विदेश पलायन हुने र भाग्ने सोच गलत छ । देश कमजोर भएमा त्यसलाई निकास दिन सम्पूर्ण जनता एक ढिक्का भएर सरकारलाई सहयोग गर्नुपर्छ भन्ने मेरो मान्यता छ । अहिले विश्वासको वातावरण तथा देश र जनताप्रतिको उत्तरदायित्वबोधसँगै जनतामा पनि देशलाई आफैँ पनि अघि बढाउनुपर्छ भन्ने सोचबीच मतैक्यता भएमा देश अघि बढ्न सक्छ । सांसदको कानुन बनाउने मात्र जिम्मेवारी होइन त्यो कुरालाई सबैले बुझ्न जरुरी छ । त्यो लागू गर्ने हो भने निर्वाचन मापदण्ड परिवर्तन गर्नुपर्छ किनभने, उम्मेदवार जनताबीचमा जाँदा लगिने घोषणापत्रमा कानुन मात्रै बनाउने भन्ने विषय उल्लेख हुँदैन, बरु विकास, रोजगारी, स्वास्थ्य, सडकका विषय उठाइएको हुन्छ ।

सोही प्रतिबद्धताका आधारमा चुनाव जितेर 'माननीय' सिंहदरबार प्रवेश गर्छन् । यतिधेरै सपना देखाएर आएपछि हामीले कानुन मात्रै बनाउँछौँ भन्न मिल्दैन । कानुन निर्माण प्राथमिकता भए पनि विकास र रोजगारीको जिम्मेवारी पनि सङ्घीय सांसदको काँधमा छ, जनताप्रति उत्तरदायी र जिम्मेवार हुनैपर्छ । त्यसकारण तीन तहका संरचना र सरकारले के गर्ने र के अधिकार हुने भन्ने विषयमा छिटो मापदण्ड बनाएर समन्वय र सहकार्यका साथ अघि बढ्नुपर्ने आजको आवश्यकता छ ।

बर्दियासहित भारतसँग सिमाना जोडिएका जिल्लाका सीमा क्षेत्रका जनता तरकारी र फलफूलमा आत्मनिर्भर हुन नसकेपछि दैनिक लाखौँ रुपैयाँ भारतीय बजारमा गएर खर्च गर्ने प्रवृत्ति छ । कम्तीमा पनि हामी सागसब्जी, माछा, दाल, मासु, अण्डा र दूधमा आत्मनिर्भर हुनुपर्छ । अहिलेको सन्दर्भमा देशमा धेरै ठूला उद्योग कलकारखाना खोलेर औद्योगीकरण गर्ने नभई साना उद्योग र कृषिलगायतका साना काममार्फत अघि बढिएको खण्डमा देखिएका समस्या केही हदसम्म समाधान हुन्छ भन्ने लाग्छ । वैदेशिक रोजगारमा गएका युवालाई रोक्ने वातावरण सिर्जना गर्न यस्ता अभियानले केही हदसम्म सहयोग पुऱ्याउँछ र राज्यप्रति जनताको विश्वास बढ्छ । अर्कोतर्फ सुशासनको पाटोमा सेवाप्रवाहलाई सुलभ, छिटो छरितो र मर्यादित तुल्याउन आवश्यक छ । सेवा प्रवाहमा यस्तो भएमा जनतामा तुरुन्तै विश्वास जाग्छ र सकारात्मक सन्देश प्रवाह हुन्छ । उता, विगतका तुलनामा समाज खुला र पारदर्शी हुँदै गएकाले भ्रष्टाचार धेरै सार्वजनिक भएका हुन् । भ्रष्टाचार न्यूनीकरण गर्न यसमा संलग्न जो कोहीलाई पनि राज्यले नयाँ नियम ल्याएर भए पनि दीर्घकालसम्म छाड्दैन भन्ने सन्देश दिनुपर्छ । जनतालाई ठूला-ठूला प्रतिबद्धता र आवश्वासन दिए पनि राजनीतिकर्मी र कर्मचारीतन्त्रमा देखिएको गलत प्रवृत्तिले नै युवा र विद्यार्थीलाई विदेश पलायनका लागि कुनै न कुनैरुपले मलजल गरेको गरिरहेको छ । पढाइअनुसारको रोजगारी नपाउँदा पनि युवा देश छोड्न बाध्य भएका हुन् भन्ने लाग्छ । जनता स्वयम् सचेत भई राज्यप्रति बफादार र इमान्दार हुनुपर्छ । सञ्चारमाध्यमले पनि निराशा होइन, उत्साह र उत्प्रेरणा प्रवर्द्धन गर्ने सूचना र सन्देश प्रवाह गर्नुपर्छ, जसले युवा विद्यार्थीलाई स्वदेशमै शान्तिसँग बस्न र रमाउन बल पुऱ्याउँछ ।

जनमत पार्टीका नेता खान बर्दिया गुलरीया-११ का स्थायी बासिन्दा हुनुहुन्छ । विसं २०५६ देखि राजनीतिमा प्रवेश गर्नुभएका खानसँग स्वतन्त्र मधेस गठबन्धनको प्रवक्ता र पार्टीको प्रथम उपाध्यक्ष भई काम गरेको अनुभव छ । सांसद खान हाल पार्टी उपनेता र प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समिति सभापतिको जिम्मेवारीमा छन् । यसअघि उहाँले केही समय खानेपानीमन्त्रीको समेत जिम्मेवारी सम्हाले ।

# कार्यवाहक प्रधानमन्त्री खड्काद्वारा सबुज गण निरीक्षण



टुडे समाचारदाता

चितवन । कार्यवाहक प्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले शनिबार नेपाली सेनाको श्री नयाँ सबुज गण भरतपुरको निरीक्षण गर्दै गणले सुरक्षा, उद्धार र विपद् व्यवस्थापनलगायतका काममा खेलेको भूमिको प्रसंशा गरेका छन् ।

रक्षामन्त्री खड्काले मध्य पृतना हेडक्वार्टर नं ७ वाहिनी अड्डा अन्तर्गत रही तैनाथ यस गणले भरतपुर विमानस्थल सुरक्षाका साथै जल उद्धार, सडक दुर्घटना, विपद्जन्य परिस्थितिबाट सिर्जित सडक अवरोध हटाउने कार्यमा खेलेको भूमिका सराहनीय भएको बताए ।

"यस गणका गतिपतिबाट आज प्रस्तुत भएअनुसार भरतपुर विमानस्थलको धावनमार्ग विस्तार र वैकल्पिक सडक निर्माणका लागि सेनाको स्वामित्वमा रहेको ७० बिगाहा आठ कठ्ठा चार धुर जग्गामध्ये करिब १९ बिगाहा चार कठ्ठा चार धुर जग्गा उपलब्ध गराउनुपर्ने देखिन्छ", उनले भने । उनले नेपाली सेनाबाट निर्मित केही भौतिक संरचनाहरु समेत स्थानान्तरण गर्नुपर्ने हुँदा यस सम्बन्धमा विभिन्न सरोकारवाला निकायबीच आवश्यक समन्वय र सहकार्य जरुरी छ भने ।

यस प्रक्रियामा रक्षा मन्त्रालय र नेपाली सेनाको तर्फबाट सम्बन्धित सरोकारवाला निकायसँग छलफल र परामर्श भइरहेको र सबैको सहयोगले यो विषय चाँडै निष्कर्षमा पुग्ने उनको भनाइ थियो । यसअघि विमानस्थलको धावनमार्ग विस्तारका लागि नेपाली सेनासँग जग्गा माग गरिएको थियो । त्यहाँ रहेको घोडा प्रजनन् केन्द्रलाई स्थानान्तरण गरेर विमानस्थलको धावनमार्ग विस्तार गर्ने योजना छ ।

भरतपुर महानगरपालिकाको प्रस्तावमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', कार्यवाहक प्रधानमन्त्रीसमेत रहेका उपप्रधानमन्त्री एवम् रक्षामन्त्री खड्कासहित नेपाली सेना यस विषयमा सकारात्मक देखिएसँगै विमानस्थल विस्तारको कार्यले सकारात्मक रूपमा अघि बढ्ने देखिएको हो ।

कार्यवाहक प्रधानमन्त्री खड्काले भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाललाई विमानस्थल विस्तारका लागि आफू सकारात्मक रहेको बताउनुभएको थियो । भरतपुर विमानस्थलको धावनमार्ग छोटो हुँदा साना जहाजले मात्रै उडान र अवतरण गर्दै आएका छन् । धावनमार्ग विस्तार गरेर ठूला जहाज उडान गर्न सकेमा रात्रिकालीन उडान र सस्तो भाडादरमा आवतजावत गर्न सकिने अपेक्षा गरिएको छ । धावनमार्गका आसपासमा संरचना बनेकाले यो विमानस्थललाई तराईको जोखिमयुक्त विमानस्थलका रूपमा लिइन्छ ।

खड्काले सो अवसरमा मध्यपृतना हेडक्वार्टर नं ७ बाहिनी अड्डाअन्तर्गत रही तैनाथ यस गणले भरतपुर विमानस्थल सुरक्षाका साथै जल उद्धार, सडक दुर्घटना, विपद्जन्य परिस्थितिबाट सिर्जित सडक अवरोध हटाउने कार्यमा खेलेको भूमिका सराहनीय भएको बताए ।

राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदारका रूपमा रहेको नेपाली सेनाले देशभित्र मात्र नभई विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा समेत संयुक्त राष्ट्रसङ्घको झण्डामुनि रहेर शान्ति स्थापनामा विशेष योगदान गर्दै आएको रक्षामन्त्री खड्काले बताए ।

नेपाली सेनाको यस योगदानले नेपाल र नेपालीको शीर उँचो बनाएको भन्दै उहाँले सेनाको व्यावसायिक क्षमतालाई उच्च राख्न नेपाली सेनामा तालिम, प्रशिक्षण, भौतिक संरचनाको निर्माण तथा आधुनिक सैन्य उपकरणको व्यवस्था गर्न राज्यले निरन्तर जोड दिँदै आएको उल्लेख गरे ।

"नेपाली सेनामा रही काम गर्ने सबै राष्ट्रसेवकको मनोबल र उत्प्रेरणालाई उच्च राख्न सरकारले प्राथमकिता दिएको छ । आगामी दिनमा राज्यको क्षमता र साधन स्रोतले भ्याएसम्म नेपाली सेनाको थप सुदृढीकरणका लागि विभिन्न व्यवस्था गर्दै लगिनेछ", उनले भने ।

नेपाली सेनाले सीमित स्रोत, साधन र सुविधाको बाबजुद हिमाल, पहाड र तराई सबैतिर खटिएर अहोरात्र राष्ट्रको सुरक्षामा खटिएको भन्दै कार्यसम्पादनका क्रममा सेनाले भोगेका समस्या र अप्ठ्यारालाई सरकारले महसुस गरेको उनले बताए । ती समस्या तथा अप्ठ्यारालाई आगामी दिनमा सरकारको क्षमताले भ्याएसम्म क्रमशः सम्बोधन गर्दै जाने दिशामा नेपाल सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

# सडक निर्माणलाई गति दिन मन्त्री ज्वालाको निर्देशन

टुडे समाचारदाता

म्याग्दी । भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक निर्माणलाई गति दिन निर्देशन दिएका छन् । बेनी-जोमसोम-कोरला सडक म्याग्दी खण्डको शनिबार निरीक्षणका क्रममा उनले मन्त्री ज्वालाले निर्माणमा ढिलाइ भएको भन्दै सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिए ।



"राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक आयोजनामा भएको ढिलासुस्तीले सबैको ध्यान तानेको छ", उनले भने, "कतिपय स्थानमा काम भएको पनि देखिएको छ । कतिपय स्थानमा अझै ठेकेदारले ढिलासुस्ती गरेको देखियो । स्थानीयस्तरमा कतै निर्माण सामग्रीको अभाव पनि देखिएको छ । किन ढिलासुस्ती भयो भन्नेबारे हाम्रो अनुगमन केन्द्रित भएकाले यसबारेमा सम्बन्धित निकायसँग चाँडै छलफल गर्दछौँ ।"

मन्त्री ज्वालाले यहाँबाट फर्किएपछि तुरुन्तै सबै पक्षसँग बसेर एउटा निष्कर्ष निकाली सडक निर्माणलाई गति दिने वातावरण बनाउने बताए । "करिडोर आयोजना निर्माणमा देखिएका समस्यालाई स्थलगतरूपमा नै अध्ययन र अनुगमन गर्न सडक विभागको टोलीसहित आएको छु", उनले भने, "सडक निर्माणमा देखिएको समस्याबारे तुरुन्त समाधान गरेर निर्माणलाई गति दिन्छौँ ।"

त्यस अवसरमा गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल, म्याग्दीका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल र कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजना प्रमुख ध्रुव झा, प्रहरी नायब उपरीक्षक मदन कुँवरलगायतले सडक निर्माणको अवस्थाबारे जानकारी लिएका थिए । सो टोली म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ बैसरी र सिरुवारीस्थित पहिरोग्रस्त क्षेत्रको पनि अनुगमन गरेको हो ।

म्याग्दी, मुस्ताङ र पर्वतमा निर्माणाधीन रु सात अर्ब ५५ करोड लागत अनुमान गरिएको योजनाका लागि गत आर्थिक वर्ष २०७९/८० सम्म रु छ अर्बभन्दा बढी खर्च भइसकेको छ । हालसम्म छवटा खण्डमा ८५ किलोमिटर ग्राभेल र दुईवटा खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ । अठारवटा पक्की पुल र तीनवटा बेलीब्रिज निर्माण सकिएको आयोजना प्रमुख ध्रुव झाले बताए ।

बेनी-जोमसोम-कोरला सडक स्तरोन्नतिसहित दुई लेनको कालोपत्र र ग्राभेल गर्न आव २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । तेह्रवटा खण्डमध्ये आठ खण्डको निर्माण सकिएको छ । कमजोर भूगोल, प्राकृतिक प्रकोप र निर्माण व्यवसायीको ढिलासुस्तीका कारण म्याग्दी खण्ड र पर्वतको मालढुङ्गादेखि बेनीको खण्डमा अपेक्षा गरेअनुसार निर्माणले गति लिन नसकेको विषयमा गण्डकीका भौतिकमन्त्री जुग्जालीले सङ्घीयमन्त्री ज्वालाको ध्यानाकर्षण गराएका थिए ।

सर्वोच्च अदालतको विसं २०७८ असार २९ गतेको आदेशका कारण कालीगण्डकी करिडोरअन्तर्गत गण्डकी प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनामा नदीजन्य निर्माण सामग्रीको अभाव र ढिलासुस्ती भएको उनले बताएका थिए । सर्वोच्च अदालतले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा निकासीमा रोक लगाएपछि विकास आयोजना निर्माण प्रभावित भएको छ ।

# 'बदलिँदो विश्वमा असंलग्न आन्दोलनको आवश्यकता झन् बढेको छ'

टुडे समाचारदाता

काठमाण्डु । युगान्डाको कम्पालामा आयोजित असंलग्न आन्दोलन (नाम) को १९औँ शिखर सम्मेलनमा संस्थापक राष्ट्रका रूपमा नेपालको सहभागिता रहनु हाम्रा निम्ति खुसीको विषय हो । विश्वमा थुप्रै समस्या गम्भीररूपले देख ापरेका बेला सम्मेलन आयोजना भयो, यो निकै महत्त्वपूर्ण छ । भूराजनीतिक जटिलता, रुस-युक्रेन तथा इजरायल-प्यालेस्टाइन युद्ध, कोरोना महामारीबाट विश्वव्यापी अर्थतन्त्रमा परेको प्रभाव, जलवायु परिवर्तनका कारण मानव जातिले बहोर्नुपरेका समस्या तथा कमविकसित मुलुकले भोग्नुपरेका चुनौतीका सन्दर्भको सङ्घारमा 'नाम' सम्मेलन भएको छ ।

यी सबै समस्या समाधानका निम्ति नामले पहलकदमी र नेतृत्व लिनुपर्छ । नामको आवश्यकता र महत्व पहिलेभन्दा बढेको छ । पश्चिमा देशले कयौँ प्रतिबद्धता व्यक्त गरे, तर पूरा गरेका छैनन् । कमविकसित देशको भलाइ वा जलवायु परिवर्तनबाट सिर्जित समस्या समाधानका निम्ति उनीहरूले गरेको प्रतिबद्धता पालना भएका छैनन् । बरु विभिन्न प्रकारका समस्या सिर्जना भएका छन् । यो परिस्थितिमा नामले आफ्नो पहलकदमी र नेतृत्व बढाउनुपर्छ । शक्तिशाली आवाज घन्काउनुपर्छ । संयुक्त राष्ट्रसङ्घलाई पनि सोहीअनुसार अघि बढाउन बल गर्नुपर्छ । विश्वको भूराजनीतिक स्थिति जटिल र चुनौतीपूर्ण छ ।

नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्य हो । सन् १९५५ मा वाङडुङमा सम्पन्न सम्मेलनबाट नामको बिजारोपण भयो । त्यतिबेलादेखि नै नेपालले असंलग्न आन्दोलनमा सक्रिय भूमिका खेल्दै आएको छ । असंलग्न आन्दोलनसँगको प्रतिबद्धता निरन्तर कायम छ । यस्तो परिस्थितिमा नेपालले पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । नामलाई अझ सशक्त बनाउनुपर्छ । शीतयुद्धको विशेष परिस्थितिमा असंलग्न आन्दोलन जन्मियो । अहिले विश्वमा शीतयुद्धको भन्दा पनि अझ गम्भीर र जटिल परिस्थिति देखापरेको छ । असंलग्न आन्दोलनको आवश्यकता पनि बदलिएको परिस्थितिमा झन् बढेको छ । यसलाई अझ प्रभावकारी र सशक्त बनाउनुपर्ने आवश्यकता खड्किएको छ । शीतयुद्धसँग मात्रै जोडेर असंलग्न आन्दोलनलाई हेर्न उचित हुँदैन । उपनेविशीकरण, नवउपनिवेशीकरण र शक्ति राष्ट्रको हैकमविरुद्ध आवाज तथा सङ्घर्ष अहिले पनि त्यत्तिकै आवश्यक छ ।

त्यसकारण असंलग्न आन्दोलनको आवश्यकता पहिलेभन्दा बढेर गएको छ । शिखर सम्मेलनमा धेरै सरकार प्रमुख तथा राष्ट्रप्रमुखले नामको आवश्यकता झन् बढेको छ भनेर सामूहिक ढङ्गबाट अभिव्यक्ति प्रकट गर्नुभएको छ । संसारले असंलग्न आन्दोलनमार्फत जनता, समानता र सामाजिक न्यायको पक्षमा आवाज उठाउनुपर्छ भन्ने महसुस गरिएको छ ।

# 'गाजामा हरेक घन्टामा दुई आमाको मृत्यु'

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । एक सय दिनभन्दा बढी समयदेखि गाजामा चलेको द्वन्द्वमा हरेक घन्टामा दुई आमाहरूको मृत्यु हुने गरेको संयुक्त राष्ट्र सङ्घीय निकायले शुक्रबार जनाएको छ ।

लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि काम गरिरहेको संयुक्त राष्ट्रसङ्घीय निकाय युएन विमेनको प्रतिवेदनमा गाजामा युद्ध शरू भएको दिनदेखि १०० दिनसम्मको महिलाहरूको औसत मृत्यु दरलाई मूल्याङ्कन गरी उक्त तथ्य सार्वजनिक गरेको हो ।



गाजा सङ्कटले महिला तथा बालबालिकाको जीवन स्तरमा जीवन र मानवीय आवश्यकताको विनाशकारी असर गरिरहेको गाजा युद्धको लैङ्गिक प्रभाव नामक प्रतिवेदनमा उल्लेख छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा कम्तीमा २४ हजार ६२० प्यालेस्टिनी मारिएका छन् । गाजामा मृत्यु भएकामध्ये करिब ७० प्रतिशत महिला र बालबालिका रहेको अनुमान गरिएको छ । तथ्याङ्क अनुसार महिला मृत्युमध्ये सङ्कट सुरु भएदेखि अहिलेसम्मको औसत अनुपातमा प्रतिघन्टा दुई आमाहरूको मृत्यु हुनेगरेको छ ।

गाजामा १९ लाखभन्दा बढी व्यक्ति तथा गाजाको कुल जनसङ्ख्याको ८५ प्रतिशत, जनसङ्ख्या विस्थापित भएको विश्वास गरिन्छ । जसमा संयुक्त राष्ट्रसंघीय निकाय (युएन विमेन) ले एक लाख महिला तथा बालबालिका रहेको अनुमान गरेको छ । गाजाको सम्पूर्ण जनसङ्ख्यामध्ये लगभग २२ लाख व्यक्ति सङ्कटमा वा तीव्र खाद्य असुरक्षाको मारमा रहेको अनुमान गरिएको छ ।

युएन वुमनको अनुमानमा द्धन्द्धमा कम्तिमा तीन हजार महिला विधवा वा घरपरिवार विहिन भएका अनुमान गरिएको छ । यसैगरी कम्तिमा दश हजार बच्चाहरूले आफ्नो पिता गुमाएका हुन सक्ने विवरणमा बताइएको छ ।

महिला र बालबालिका द्वन्द्वको पहिलो सिकार हुने तथा उनीहरूलाई लक्षित गरी शान्ति खोज्नु आफ्नो कर्तव्य भएको फेरि एकपटक प्रमाणित गरेको संयुक्त राष्ट्रसङ्घीय महिला कार्यक्रमकी कार्यकारी निर्देशक सिमा बाहुसले बताउनुभयो ।

उहाँले भन्नुभयो, "विगत १५ वर्षमा प्यालेस्टिनी राष्ट्रिय प्राधिकरण क्षेत्रमा मारिएका सबै नागरिकमध्ये दुई तिहाइ पुरुष रहेका छन् । यसैगरी १४ प्रतिशतभन्दा कम महिला तथा बालिकाहरू रहेका छन् । तर पछिल्लो १०० दिनमा समयमा मृत्यु हुनेमध्ये ७० प्रतिशत महिला र बालबालिका रहेका छन् । प्यालेस्टिनी जनतालाई परेको आघातले हामी सबैलाई आउँदो पुस्तासम्म सताउनेछ ।"

**युद्ध अन्त्य गर्न आग्रह**

गाजाका महिला र केटीहरूको अवस्थाप्रति शोक व्यक्त गदै सबै महिला तथा बालबालिकाहरूलाई महत्वपूर्ण सहायता र सेवाहरूको प्रावधानसहित गाजामा रहेका सबैका लागि तत्काल मानवीय युद्धविराम र निर्बाध मानवीय पहुँचका लागि बाहुसले आग्रह गर्नुभयो । यो शान्तिको समय भएको बताउदै सबै इजरायली र प्यालेस्टिनी महिला र बालबालिकाप्रति आफु ऋणी रहेको बताउनुभएको छ । उहाँले उनीहरूले अबका दिनमा यसको मूल्य चुकाउनु नपर्ने बताउनुभएको छ । प्रतिवेदन अनुसार बढ्दो वैमनस्यता हुँदाहुँदै पनि महिला नेतृत्व र महिला अधिकार सङ्गठनहरूले काम जारी राखेका छन् ।

गाजा पट्टीमा सर्वेक्षण गरिएका करिब ८३ प्रतिशत महिला सङ्गठनहरू कम्तिमा आंशिक रूपमा सञ्चालनमा छन् । उनीहरू मुख्यतया आपतकालीन प्रतिक्रियामा केन्द्रित रहेका छन् । यद्यपि, सन् २०२३ को फ्ल्यास अपिलमा कोषको संयुक्त राष्ट्र महिला विश्लेषणले अनुसार कोषको ०.०९ प्रतिशत मात्र राष्ट्रिय वा स्थानीय महिला अधिकार सङ्गठनहरूमा आवद्ध भएका छन् ।

पछिल्लो छ महिनाको प्रतिक्रिया योजनाको माध्यमबाट, प्यालेस्टाइनमा संयुक्त राष्ट्रसङ्घका महिलाहरूले १४ हजारभन्दा बढी महिला-नेतृत्व गर्ने परिवारलाई, गाजाका सबै महिला-नेतृत्व गर्ने परिवारको एक तिहाइलाई जीवन-रक्षक सहायता प्रदान गर्दै आएका छन् । उनीहरू कपडा, सेनेटरी उत्पादनहरू, र बालबालिकाको लागि आवश्यक पर्ने समानको वितरणलाई सहयोग गर्दै आएका छन् ।

प्रतिवेदन अनुसार लैङ्गिक हिंसाका लागि लैङ्गिक-उत्तरदायी सेवाहरू प्रदान गर्न महिला नेतृत्वको संस्थाहरूसँग पनि युएन वुमनले साझेदारी गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत विस्थापित महिलाहरूका लागि आश्रय स्थलहरूमा महिला नेतृत्वको सुरक्षा र प्रतिक्रिया समितिहरू स्थापना गर्ने; र प्यालेस्टाइनमा महिला संस्थाहरूसँग नियमित परामर्श गर्ने गरिरहेको छ ।

# यू-१९ विश्वकपमा इंग्ल्यान्ड र पाकिस्तानको विजयी सुरुवात



**टुडे समाचारदाता**

काठमाण्डु । दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकप २०२४ मा शुक्रबार इंग्ल्यान्ड र पाकिस्तानले विजयी सुरुवात गरेका छन् ।

नेपाल रहेको समूह डी को पहिलो खेलमा पाकिस्तानले अफगानिस्तानलाई १८१ रनको फराकिलो अन्तरले हरायो । २८५ रनको लक्ष्य पाएको अफगानिस्तान २६.२ ओभरमा १०३ रनमा अल आउट भयो । अफगानिस्तानका नौमान शाह २६, शोहेल खान र रहिमुल्लाह जुरमाती २०-२० रन बनाएर आउट भए । पाकिस्तानका तीव्र गतिका बलर उबेद शाहले ७ ओभरमा १ मेडनसहित २६ रन खर्चेर ४ विकेट लिए । मोहम्मद जिशानले ५ ओभरमा १ मेडनसहित १७ रन खर्चेर ३ विकेट लिए ।

बफेलो पार्क इस्ट लन्डनमा टस जितेर ब्याटिङ रोजेको पाकिस्तानले ५० ओभरमा ९ विकेट गुमाउँदै २८४ रन बनाएको थियो । पाकिस्तानका ओपनर शाहजैब खानले १२६ बलमा १० चौका र ३ छक्कासहित १०६ रन बनाए । कप्तान साद बेग ५२ बलमा ३ चौका र ४ छक्कासहित ५५ तथा रिआज उल्लाह ४९ बलमा ५ चौका र २ छक्कासहित ४६ रनमा आउट भए ।

अफगानिस्तानका खलिल अहमदले १० ओभरमा १ मेडनसहित ५१ रन खर्चेर सर्वाधिक ४ विकेट लिए । बसिर अहमदले २ विकेट लिए ।

समूह बी को खेलमा इंग्ल्यान्डले स्कटल्यान्डलाई ७ विकेटले हरायो । १७५ रनको लक्ष्य इंग्ल्यान्डले २६.२ ओभरमा ३ विकेटको क्षतिमा पूरा गऱ्यो । इंग्ल्यान्डको जितमा ओपनर तथा कप्तान बेन म्याकिन्नीले ६८ बलमा १२ चौका र ३ छक्कासहित सर्वाधिक ८८ रन बनाए । अर्का ओपनर जेडन डेनलीले ४० र नोआह थैनले २२ रन बनाए । स्कटल्यान्डका इब्राहिम फैसलले २ र एदी हेग्डेले १ विकेट लिए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्यान्ड ४९.२ ओभरमा १७४ रनमा अल आउट भएको थियो ।

स्कटल्यान्डका ओपनर जेमी डंकले ७० बलमा ३ चौकासहित ४० तथा कप्तान ओवेन गोल्डले ६१ बलमा ५ चौका र १ छक्कासहित ४८ रन बनाए । इंग्ल्यान्डका फरहान अहमद र ल्यूक बेंकेस्टीनले ३-३ विकेट लिए ।

# सिरियामा इरान निकट नेतालाई लक्षित गरी इजरायली आक्रमण

**एएफपी**

बेरुत । इजरायल र हमासबीचको युद्धलाई लिएर क्षेत्रीय तनाव बढिरहेका बेला शनिबार दमास्कसमा इजरायलले गरेको हवाई आक्रमणमा परी पाँच जनाको मृत्यु भएको युद्ध अनुगमनकर्ताले बताएका छन् ।



सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले जनाएको छ, "इजरायली क्षेप्यास्त्र आक्रमणमा चारतले भवनलाई निशाना बनाइएको र पाँच जनाको मृत्यु भएको छ । इरानसमर्थित नेताहरूको बैठक भइरहेको सम्पूर्ण भवन ध्वस्त पारेको छ ।"सिरियामा रहेका स्रोतहरूको सञ्जालसँग सम्बन्धित बेलायती निगरानीकर्ताका अनुसार लक्षित इलाका इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कोर (आईआरजीसी) र इरान समर्थक प्यालेस्टाइनी गुटका नेताहरूको उच्च सुरक्षा क्षेत्र मानिन्छ ।

अब्जरभेटरीका निर्देशक रामी अब्देल रहमानले भन्नुभयो, "ती समूहका वरिष्ठ सदस्यहरूलाई लक्षित गरेर आक्रमण गरिएको थियो ।"सिरियाको सरकारी सञ्चार माध्यमले पनि मध्यरातमा भएको आक्रमणका कारण आकाशमा धुवाँको मुस्लो उडेको जनाएको छ ।सरकारी समाचार संस्था सानाका अनुसार दमास्कसको माजेह इलाकामा रहेको एक आवासीय भवनलाई लक्षित गरी आक्रमण गरिएको छ । उक्त समाचारमा हताहत भए/नभएको भने बताइएको छैन ।

घटनास्थलमा रहेका एएफपीका संवाददाताका अनुसार क्षतिग्रस्त भवनलाई एम्बुलेन्स, अग्निनियन्त्रक र सिरियाली अरब रेड क्रिसेन्ट उद्धार टोलीले घेराबन्दी गरेका छन् ।पूर्ण रूपमा भत्किएको भवनको भग्नावशेषमुनि रहेका व्यक्तिको खोजीमा नागरिक सुरक्षा निकाय जुटेको उहाँले बताउनुभयो । माजेह क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको मुख्यालय, दूतावास र रेस्टुरेन्टहरू पनि छन् ।

"मैले पश्चिमी माजेह क्षेत्रमा विस्फोटको स्पष्ट आवाज सुनेको थिएँ र धुवाँको ठूलो बादल देखेको थिएँ," स्थानीय प्रत्यक्षदर्शीले एएफपीसँग बताए ।'यो आवाज क्षेप्यास्त्र विस्फोटसँग मिल्दोजुल्दो थियो र केही मिनेटपछि मैले एम्बुलेन्सको आवाज सुनें," उनले भने।एक दशकभन्दा लामो गृहयुद्धका क्रममा इजरायलले सिरियामा सयौं हवाई आक्रमण गरेको र त्यसमा मुख्यतया इरान समर्थित सेनाका साथै सिरियाली सेनाका स्थानहरूलाई लक्षित गरिएको छ ।

लेबनानको हिजबुल्लाह आन्दोलनजस्तै इरानको सहयोगी इजरायल र हमासबीच अक्टोबर ७ मा युद्ध सुरु भएयता उसले आक्रमणलाई तीव्र बनाएको छ ।गत डिसेम्बरमा इजरायली हवाई आक्रमणमा इरानको रिभोल्युसनरी गार्ड्सका एक वरिष्ठ जनरलको मृत्यु भएको थियो ।

सन् २०२० जनवरी ३ मा बग्दादमा अमेरिकी ड्रोन आक्रमणमा सेनाका कमाण्डर कासिम सुलेमानीको मृत्यु भएपछि रजी मौसवी इरानबाहिर मारिएका सबैभन्दा वरिष्ठ कमान्डर हुन् ।सोही महिनामा पूर्वी सिरियामा इजरायलले गरेको हवाई आक्रमणमा कम्तीमा २३ जना इरान समर्थक लडाकू मारिएको अब्जरभेटरीले जनाएको छ ।

# जापानको चन्द्रमामा यान सफलतापूर्वक चन्द्रमामा अवतरण

**सिन्ह्वा**

टोकिया । जापानको राष्ट्रिय अन्तरिक्ष एजेन्सी (जाक्सा)ले 'स्मल लुनार ल्यान्डिङ डेमोन्स्ट्रेटर (स्लिम)' चन्द्रमामा अवतरण भएको शनिबार पुष्टि गरेको छ ।

स्थानीय समयअनुसार शनिबार जापान एयरोस्पेस एक्सप्लोरेशन एजेन्सी (जाक्सा) ले एक अनलाइन वक्तव्यमा जापानी मानवरहित यान राति १२ बजेर २० मिनेटमा चन्द्रमामा अवतरण गरेको जनाएको छ । जाक्साले यानको अवतरणपछि सञ्चार स्थापित भएको पुष्टि गरेको छ ।

यद्यपि, अवतरणपछि चन्द्रमामा धेरै समय रहनका लागि तयार पारिएको सोलार ब्याट्रीको रिचार्ज हुन नसकेपछि यानमा रहेको ब्याकअपको सहयोगमा चन्द्रमाका तस्बीर, चट्टान सङ्कलन तथा अनुसन्धानका अन्य गतिविधिहरू भइरहेका जाक्साले बताएको छ ।

"स्लिमको सोलार सेलले बिजुली उत्पादन गर्न नसक्ने भएकाले यसले ब्याकअप ब्याट्रीमा काम गरिरहेको छ जुन घण्टौंसम्म मात्र टिक्छ," जाक्साका अधिकारीहरूले शनिबार आयोजित पत्रकार सम्मेलनमा भने ।अवतरणपछि चन्द्रमाको सतहबाट तथ्याङ्क लिने कामजाक्साका लागि प्राथमिकतामा रहेको अधिकारीले बताएका छन् ।

स्लिमको अवतरणसँगै जापान, अमेरिका, सोभियत सङ्घ, चीन र भारतपछि चन्द्रमामा अवतरण गर्ने पाँचौं मुलुक बनेको छ । चन्द्रमामा पहिलो मानव अवतरणको ५० वर्षभन्दा धेरै समयपछि धेरै मुलुक र निजी कम्पनीहरूले यात्रालाई नयाँ बनाउने प्रयास गरिरहेका छन् तर क्र्यास ल्यान्डिङ, सञ्चारमा समस्या र अन्य प्राविधिक समस्या व्याप्त छन् ।

यसै महिना अमेरिकी निजी कम्पनी एस्ट्रोबोटिकको पेरेग्रिन चन्द्र ल्यान्डरले उडान भरेपछि इन्धन चुहिएपछि उसको मिसन असफल भएको थियो । बिहीबार अन्तरिक्ष यान फिर्ता हुने क्रममा पृथ्वीको वायुमण्डलमा जल्ने सम्भावनापछि दक्षिणी प्रशान्त महासागरमा उसको सम्पर्क विच्छेद भएको थियो । नासाले आफ्नो आर्टेमिस कार्यक्रमअन्तर्गत चालक दल भएको चन्द्र मिसनको योजना पनि स्थगित गरेको छ ।

यसअघि एउटा सार्वजनिक र एउटा निजी गरी दुईटा जापानी यान चन्द्रमामा पठाउने दुई वटै प्रयास असफल भएका थिए । दुई वटा असफल चन्द्र अभियान र टेकअफपछि विस्फोटसहित हालैका रकेट असफलतापछि अन्तरिक्षमा यो सफलताले उच्च प्रविधिको जापानी प्रतिष्ठालाई पुनःस्थापित गरेको छ ।

# टाइगर कप राष्ट्रिय भलिबलको उपाधिमाथि एपिएफको कब्जा




**टुडे समाचारदाता**

कास्की । विभागीय टोली सशस्त्र प्रहरीको एपिएफ क्लबले पोखरामा आयोजना भएको चौथो संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित महिला तथा पुरुष क्लब च्याम्पियनसिप भलिबल'को उपाधि चुमेको छ ।

पोखरा रङ्गशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा शनिबार सम्पन्न महिलातर्फको फाइनलमा चन्द्रागिरि न्यूडायमण्ड क्लब काठमाडौँलाई सोझो सेटमा पराजित गरी साविक विजेतासमेत रहेको एपिएफ च्याम्पियन बनेको हो । यससँगै एपिएफले उपाधिमा ह्याट्रिक गर्न सफल भयो ।

उपाधिसँगै एपिएफले रु पाँच लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गऱ्यो । उपविजेता बनेको न्यूडायमण्ले रु दुई लाख ५५ हजार पाँच सय ५५ मा चित्त बुझायो । एपिएफले पहिलो सेटको खेल २५-२०, दोस्रो सेट २५-१८ र अन्तिम सेट २५-२१ ले डायमण्डलाई हराएको हो ।

विसं २०७७ देखि सञ्चालन भएको प्रतियोगितामा एपिएफले दोस्रो र तेस्रो संस्करणको उपाधि जितेको थियो । पहिलो संस्करणमा महिलातर्फ नेपाल पुलिस क्लब च्याम्पिन बनेको थियो । महिलातर्फ प्रतियोगितामा छ टोलीले सहभागिता जनाएका थिए । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यही माघ १ गतेदेखि पोखरामा प्रतियोगिता सञ्चालन भएको हो ।

# हाइटीमा छ भिक्षु अपहरित

**एएफपी**

पोर्ट-औ-प्रिन्स । हाइटीको राजधानी पोर्ट-औ-प्रिन्समा शुक्रबार छ जना भिक्षुसहित आठ जनाको अपहरण भएको छ ।

हाइटीको धार्मिक सङ्गठनले एएफपीलाई उपलब्ध गराएको पत्रमा भनिएको छ, "सेन्ट एनीका बहिनीहरूको मण्डलीका छ जना ननहरू र उनीहरू चढेको बसका अन्य सदस्यहरू अपहरणमा परेको खबरले हामीलाई दुःखी तुल्याएको छ ।"सङ्गठनका अधिकारीले एएफपीलाई दिएको जानकारीअनुसार स्थानीय समयअनुसार बिहान ७ बजेतिर एक सशस्त्र समूहले ती महिलाहरूलाई अपहरण गरेको थियो ।

उनले अपहरणमा परेका अन्य दुई जनाबारे भने आफूलाई जानकारी नभएको बताए । फिरौतीको मागबारे अहिलेसम्म कुनै जानकारी आएको छैन ।पोर्ट-औ-प्रिन्स र केही राष्ट्रिय सडकहरूमा धेरै हप्तादेखि प्रसिद्ध र सामान्य मानिसहरूलाई लक्षित गरी अपहरणका घटनाहरू बढ्दै गएका छन् ।

गत हप्ता, एक चिकित्सक र शान्तिदूतलाई अपहरण गरिएको थियो तर फिरौती तिरेपछि उनीहरू रिहा भएका थिए । राजनीतिक, आर्थिक र सार्वजनिक स्वास्थ्य प्रणाली कमजोर अवस्थामा रहेको अमेरिकाको सबैभन्दा गरिब राज्यमा सामूहिक हिंसाकाबीच अपहरणका घटनाहरूलाई खासै महत्व दिएको पाइदैन ।

गत वर्ष संयुक्त राष्ट्रसङ्घले पोर्ट-औ-प्रिन्सको करिब ८० प्रतिशत क्षेत्रमा गिरोहले नियन्त्रण गरेको अनुमान गरेको थियो ।

# घानाको आर्थिक पुनरुत्थानका लागि ६० करोड स्वीकृत

**सिन्ह्वा**

आक्रा । घानाले आर्थिक पुनरुत्थानका लागि अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट ६० करोड अमेरिकी डलरको कोष स्वीकृति प्राप्त गरेको छ ।

आइएमएफको निर्णय घानाले आफ्नो आधिकारिक ऋणदाताहरूसँग एक हप्ता अघि आफ्नो बाह्य ऋणको पुनः संरचना गर्नका लागि सम्झौता गरेपछि यो निर्णय बाहिर आएको हो ।"कार्यक्रम अन्तर्गत घानाको प्रदर्शन बलियो छ। पहिलो समीक्षाका लागि सबै मात्रात्मक कार्यसम्पादन मापदण्डहरू र प्रायः सबै सूचक लक्ष्याहरू र संरचनात्मक ट्र्याकमा छन्," आइएमएफले विज्ञप्ति जारी गर्दै जनाएको छ ।

"६ सय मिलियन डलरले हामीलाई कार्यक्रमको आवश्यकताहरू अनुरूप बजेट कार्यान्वयनलाई समर्थन गर्न थप वित्तीय सहजता दिलाउछ । हामी सन् २०२६ सम्ममा हाम्रो क्रेडिट योग्यता सुधार गर्न खर्च नियन्त्रण र राजस्व उत्पादन सुधार गर्न जारी राख्नेछौं," घानाका अर्थमन्त्री केन ओफोरी-अटाहले भन्नु भएको छ ।घाना, कुनै समय अफ्रिकाको सबैभन्दा द्रुत बृद्धि हुने अर्थतन्त्रहरू मध्ये एक थियो । तर पछिल्लो समय बढ्दो मुद्रास्फीति, विनिमय दरको उतारचढाव, र जीवनयापनको बढ्दो लागतले गर्दा गम्भीर आर्थिक सङ्कटग्रस्त बनेको छ।

घानाको सरकारले गत मे महिनामा आइएमएफबाट ३ अर्ब डलर ऋणको स्वीकृति प्राप्त गरेको थियो । अर्थतन्त्रलाई सुधारतर्फ डोर्याउन यो कदम महत्त्वपूर्ण मानिएको थियो ।

# मैत्रीपूर्ण फुटबलमा सञ्चारकर्मीको टोली विजयी

**टुडे समाचारदाता**

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालको २३ औं स्थापना दिवसका अवसरमा आयोजित मैत्रीपूर्ण फुटवल खेलमा सञ्चारकर्मीको टोली विजयी भएको छ ।




बलको प्रधान कार्यालय हलचोक परिसरमा भएको खेलमा सञ्चारकर्मीको समूहले सशस्त्र प्रहरी बललाई एकका विरुद्ध दुई गोलले पराजित गरी विजयी भएको हो । सो अवसरमा बलका महानिरीक्षक राजु अर्यालले विजयी टोलीका खेलाडीलाई मैत्रीपूर्ण खेलमा सहभागिताको प्रमाणपत्र प्रदान गरे ।

यसअघि नेपाली सेना र नेपाल प्रहरीसँग पनि सञ्चारकर्मीको समूहले मैत्रीपूर्ण फुटबल खेलेको थियो ।

सशस्त्र प्रहरीले यही माघ ९ गते विभिन्न कार्यक्रम गरी २३ औं स्थापना दिवस मनाउँदैछ । सशस्त्र प्रहरीले सीमा सुरक्षा, दङ्गा नियन्त्रण, दैवी प्रकोप एवम् विपद् व्यवस्थापनमा उद्धार र राहत तथा राजश्व सङ्कलनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । करिव ३७ हजार जनशक्ति रहेको सशस्त्र प्रहरी बलको महानिरीक्षकमा हाल अर्याल छन् ।

# रैथाने बाली खरिद गर्दै व्यापार कम्पनी

**टुडे समाचारदाता**

कर्णाली । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रदेशले १९ हजार चार सय ६४ मेट्रिक टन यहाँको रैथाने बाली खरिद गर्ने भएको छ ।




यसका लागि कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रदेशबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ । कर्णाली प्रदेशमा उत्पादित रैथानेबालीको सङ्कलन, प्रशोधन र बजारीकरणका लागि प्रशोधन केन्द्र (मिल) स्थापना गर्नेसम्बन्धी मन्त्रालय र व्यापार कम्पनीबीच शुक्रबार समझदारी भएको हो ।

उक्त समझदारी पत्रमा मन्त्रालयको तर्फबाट सचिव डा नरहरिप्रसाद घिमिरे र कम्पनीको तर्फबाट निमित्त प्रादेशिक प्रमुख माधव मिश्रले हस्ताक्षर गरेका हुन् ।

समझदारी पत्रअनुसार व्यापार कम्पनीले कोदो आठ हजार छ सय ६०, कागुनो तीन सय ३८, चिनो छ सय ८७, जुनेलो दुई, फापर सात सय ६२, उवा छ सय १९, सिमी चार हजार चार सय ७० र मार्सी धान तीन हजार आठ सय ८६ गरी कूल जम्मा १९ हजार चार सय ६४ मेट्रिक टन रैथाने बाली खरिद गर्ने सहमति भएको सचिव डा घिमिरेले जानकारी दिए ।

समझदारी पत्रअनुसार प्रथम पक्ष भनिएको मन्त्रालयले मातहतका कार्यालयलाई वार्षिक कार्यक्रममार्फत कृषकलाई रैथानेबाली उत्पादन तथा प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गर्न निर्देशन दिने, प्रदेशस्तरीय रैथानेबालीको प्रशोधन, लेवलिङ र प्याकेजिङका मेसिनरी उपकरण व्यवस्था गर्न बजेटको प्रबन्ध मिलाउने, यसको उत्पादन परिमाण तथा कृषकको तथ्याङ्क उपलब्ध गराउनेलगायतका जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

त्यस्तै, समझदारी पत्रको दोस्रो हस्ताक्षरकर्ता सुर्खेतस्थित व्यापार कम्पनीले आफ्नो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा मिल सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थको रुपमा कर्णालीमा उत्पादन हुने रैथाने बालीको नियमित तवरबाट स्थानीय तहसँग समन्वय गरी खरिद गर्ने, नेपाल सरकारको गुणस्तर मापदण्डअनुसार खाद्यान्न सङ्कलन गरी सोको प्याकेजिङ, लेवलिङ तथा कर्णाली प्रदेशको मूल्यवान लोगोसमेत उल्लेख गरी ब्रान्डिङलगायतका जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

कर्णाली प्रदेश सरकारको पहिलो बैठकले कर्णालीलाई प्राङ्गारिक प्रदेश स्थापित गर्ने निर्णय भएअनुसार कृषि मन्त्रालयले 'कर्णाली प्रदेश प्राङ्गारिक कृषि प्रवर्द्धन ऐन २०७६' मार्फत आफ्नो नीति र कार्यक्रममा प्राङ्गारिक कृषि र रैथानेबाली प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्दै आएको छ ।

# सरकारले विद्युत् रोयल्टीवापत अर्बौं उठाए

टुडे समाचारदाता

काठमाण्डु । सरकारले विभिन्न जलविद्युत् आयोजनाबाट रु तीन अर्ब १५ करोड ५१ लाख ८८ हजार बराबरको रोयल्टी सङ्कलन गरेको छ ।




सरकारले निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाबाट निश्चित रकम रोयल्टीबापत सङ्कलन गर्ने गर्छ । विगतमा आयोजनाका प्रवर्द्धकले आफ्नो अनुकूलतामा रोयल्टी बुझाउने गरेका थिए । पछिल्ला केही वर्षदेखि भने नेपाल विद्युत् प्राधिकरणले बिल भुक्तानी गर्ने समयमा नै रोयल्टी कटाएर राख्ने गरेको छ । सोही कारण नियमितरूपमा रोयल्टी सङ्कलन हुने गरेको छ ।

विद्युत् विकास विभागले नियमितरूपमा रोयल्टी उपलब्ध गराउन आयोजनाका प्रवर्द्धकलाई आग्रह गर्दै आएको छ । विद्युत् ऐन, २०४९ तथा विद्युत् नियमावली, २०५० बमोजिम विद्युत् उत्पादनको अनमुतिपत्र प्राप्त संस्थाले बुझाउनुपर्ने आर्थिक वर्ष २०७९/८० सम्मको विद्युत् रोयल्टी जम्मा गर्नुपर्ने व्यवस्था छ ।

विभागले केही आयोजनाले रोयल्टी फरफारक नगरेको पाइएपछि पुनः जम्मा गर्न भनेको छ । विभागले रोयल्टी व्यवस्थापनसम्बन्धी आवश्यक विवरणअनुसार आफ्नो आयोजनाको रोयल्टी विवरण रुजु गराउन सूचनामार्फत सूचीसमेत गरेको महानिर्देशक चिरञ्जीवी चटौतले जानकारी दिए ।

रोयल्टी फरफारक नगर्ने आयोजनालाई भने प्राधिकरणमा पत्राचार गरेर असुलउपर गरिने स्पष्ट पारेको छ । सङ्कलन भएको रोयल्टी स्थानीय आयोजना प्रभावित क्षेत्रमा उपलब्ध गराउने व्यवस्था छ । विभागले अनुमतिपत्र दस्तुरबाट रु एक अर्ब १५ करोड पाँच लाख ५६ हजारबराबर सङ्कलन गरेको छ । यस्तै दण्ड जरिवाना, जफतबाट रु ८७ लाख, बेरुजुबाट रु ४२ लाख बराबर सङ्कलन गरेको छ । विभागले सो आवमा रु चार अर्ब ३१ करोड ८६ लाख ५० हजारबराबर कुल राजस्व सङ्कलन गरेको छ ।

यस्तै चालु आवको पुस १६ गतेसम्म रोयल्टीबापत रु ५९ कोड ५५ लाख ५८ हजारबराबर रोयल्टी सङ्कलन गरेको छ । अनुमति दस्तुरबाट रु १६ करोड २४ लाख ८० हजार सङ्कलन गरेको विभागले दण्ड जरिवानालगायतबाट रु ४५ लाखबराबर सङ्कलन गरेको छ ।

विभागले हालसम्म कुल ४१ वटा जलविद्युत् आयोजना र दुईवटा सौर्य परियोजना गरी कुल ४३ वटा आयोजनाको सर्वेक्षणका लागि दरखास्त परेको छ ।

ती आयोजनाको कुल क्षमता तीन हजार १६ मेगावाट बराबर छ । त्यस्तै सर्वेक्षण जारी भएका आयोजनाको संख्या एक सय ४३ छ । विभागका अनुसार ९३ वटा जलविद्युत् आयोजना र ४२ वटा सौर्य परियोजना छन् । ती आयोजनाको कुल क्षमता नौ हजार छ सय ५५ मेगावाट बराबर छ ।

विभागका अनुसार उत्पादन अनुमतिपत्र दरखास्त दिने आयोजनाको संख्या एक सय पाँच छ । ती आयोजनाको क्षमता ११ हजार पाँच सय ८३ मेगावाट छ । त्यस्तै विद्युत् उतपादन अनुमतिपत्र लिएका आयोजनाको संख्या एक सय ५४ वटा छन् । ती आयोजनाको कुल क्षमता नौ हजार दुई सय २१ छ ।

विभागले एक हजार सात सय ६५ सर्किट किलोमिटर बराबर प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन परेको छ । त्यस्तै विभागले चार हजार आठ सय ९५ सर्किट किलोमिटर बराबरको प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ । त्यसमा चार सय केभी क्षमताका सातवटा आयोजनालाई अनुमति दिइएको छ । त्यस्तै दुई सय २० केभी क्षमताका २५, एक सय ३२ केभी क्षमताका एक सय एक, ६६ केभी क्षमताका पाँच, ३३ केभी क्षमताका ८४ र ११ केभी क्षमताका एक प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विभागको काम-कारबाहीलाई थप व्यवस्थित बनाउन निर्देशनसमेत दिएका छन् । सर्वेक्षण अनुमतिपत्र लिएका आयोजनालाई समयमै काम पूरा गर्ने वातावरण बनाउन निर्देशन दिँदै उनले लामो समयसम्म आयोजना होल्ड गर्ने प्रवृत्तिको अन्त्यका लागि प्रभावकारी कदम चाल्नुपर्ने बताए ।

यस्तै उत्पादन अनुमतिपत्र लिएका आयोजनाको हकमा पनि मन्त्री बस्नेतले स्पष्ट निर्देशन दिएका छन् । लामो समयसम्म अनुमतिपत्र मात्रै लिने र काम नगर्ने आयोजनालाई लामो समय दिन नसकिने स्पष्ट पार्दै मन्त्री बस्नेतले नियमानुसार काम गराउन विभागका महानिर्देशक चटौतलाई निर्देशन दिएका छन् ।

# २५ सय बिघामा तोरी खेती

टुडे समाचारदाता

बनियानी । झापाको हल्दीबारी गाउँपालिकामा दुई हजार पाँच सय बिघामा तोरी खेती गरिएको छ । गाउँपालिकाका छवटै वडाका विभिन्न स्थानमा किसानले उक्त क्षेत्रफलमा तोरी खेती गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन (महेन्द्र) ले जानकारी दिए । गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा तीन हजार किलोग्राम तोरीको बीउ वितरण गरेको थियो ।

प्रतिहेक्टर एक दशमलव नौ मेट्रिक टन तोरी उत्पादन प्रारम्भिक अनुमान गाउँपालिकाको छ । हल्दीबारीमा तोरी खेतीका लागि माटोसमेत उपयुक्त छ । अहिले यहाँका खेत तोरी फुलेर पहेँलपुर भएका छन् । हल्दीबारी-२ का कृषक डम्बरप्रसाद चम्लागाईंले तोरी खेतीबाट राम्रो आम्दानी लिन सकिने विश्वास व्यक्त गरे । "अरु बालीमा जस्तो झन्झट छैन", उनले भने, "मूल्य पनि राम्रो छ ।" गत वर्ष प्रतिमन रु छ हजारमा तोरी बिक्री भएको उनले बताए । यो वर्ष झापाभरिमा सबैभन्दा बढी हल्दीबारीमा तोरी खेती गरिएको छ ।

तोरी मिल सञ्चालन गर्दै सहकारी

यता, हल्दीबारीमा एकता बहुउद्देश्यीय सहकारीले तोरीको तेल उत्पादन र प्रशोधन सुरु गरेको छ । कृषकले उत्पादन गरेको तोरी खरीद गरेर तेल उत्पादन तथा बिक्री वितरण गरिरहेको संस्थाका अध्यक्ष हरिकृष्ण अधिकारीले बताए । "किसानले उत्पादन गरेको तोरी खरीद गरेर तेल उत्पादन गरिरहेका छौँ", उनले भने, "सहुलियतमा किसानलाई कृषि सामग्री र मल-बीउ पनि उपलब्ध गराउने गरेका छौँ ।" कृषकलाई तोरी खेती गर्न प्रौत्साहनसँगै उत्पादनलाई बजारीकरण गर्नका लागि तेल मिल सञ्चालन गरेको उनको भनाइ छ ।

सुरुमा तेल मिलका लागि गाउँपालिकाले सहयोग गरेको थियो भने कृषि ज्ञान केन्द्र झापाले गत आव २०७९/८० मा सहकारीलाई तेल फिल्टर र प्याकेजिङ मेसिनका लागि रु १५ लाख अनुदानसमेत उपलब्ध गराएको छ । "खाद्य गुणस्तरको अनुमति लिएपछि ब्राण्डिङ गरेर बजारमा लान्छौँ", उनले भने ।

सहकारीले हाल खुद्रा खरिद गर्नेलाई रु चार सय २० प्रतिलिटर तेल बिक्री गरिरहेको छ भने ५० लिटरभन्दा बढी खरिद गर्नेलाई रु चार सय प्रतिलिटर दिने गरेको संस्थाकी व्यवस्थापक उमा राईले बताए ।

बजारमा पाइने अन्य तेलको तुलनामा महँगो भएकाले जिल्लाका सुपरमार्केट र डिपार्टमेन्ट स्टोरमा तेल बिक्रीका लागि राखिएको उनको भनाइ छ ।

हल्दीबारीकै प्रभात बहुउद्देश्यीय सहकारीले समेत तोरी मिल सञ्चालनको तयारी थालेको छ । प्रभातलाई समेत कृषि ज्ञान केन्द्रले तोरी पेल्ने मेसिन र फिल्टर जडानका लागि रु १५ लाख अनुदान उपलब्ध गराएको छ ।

"तेल उत्पादनका लागि ५० प्रतिशत लागत सहभागितामा अनुदान दिइएको थियो", निमित्त प्रमुख विष्टले भने, "अघिल्लो वर्ष अनुदान दिए पनि यो वर्षदेखि कार्यान्वयनको चरण आउँदैछ ।"

सहकारीले स्थानीयस्तरमै तोरीको तेल उत्पादन गरेर बिक्री गरिरहेका छन् ।

सहकारीले प्याकेजिङ गरेर बजारमा पुर्याउन प्रज्ञापन पत्र लिने तयारीसमेत गरिरहेका छन् । सहकारीद्वारा उत्पादित तेल तुलनात्मक रुपमा महँगो भए पनि गुणस्तर राम्रो भएकाले बजार राम्रो रहेको निमित्त प्रमुख विष्ट बताउछन् ।

# च्याउ खेतीमा जमेका वीर

टुडे समाचारदाता

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-६ कसरौलका २७ वर्षीय वीरबहादुर राना अष्ट्रेलिया जाने मौका रद्द गरी व्यावसायिक च्याउ खेतीमा लागेका छन् ।

अठारमहिने कृषि जेटिए पढेका राना पाँच वर्षदेखि बाह्रै महिना च्याउ खेती गर्दै आउनुभएको छ । घरपरिवार आफन्तले निकै दबाब दिएपछि रानाले अष्ट्रेलिया जानका लागि आवेदन दिए । "स्वदेशै स्वरोजगार भएर बस्ने मनभित्रकै इच्छा थियो", उनले भने, "त्यही भएर कृषि जेटिए पढेँ, विदेश जानका लागि निकै दबाब दिए पनि प्रवेशाज्ञा नै रद्द गरी च्याउ खेतीमा लागेँ ।"



रानाले वर्षमा रु २० लाखदेखि रु २७ लाखसम्मको च्याउ बिक्री गर्दै आएको बताए । सोबाट उनले च्याउ उत्पादन गर्दा लाग्ने खर्च कटाएर रु १० लाख जति रकम बचत गर्दै आएको बताए । च्याउ खेतीका लागि उनले रु ३० लाखभन्दा बढी लगानी गरेका छन् ।

उनी दैनिक बिहानदेखि साँझ अबेरसम्म च्याउ उत्पादनका लागि राखिएका परालका पोकामा पानी छर्कने, च्याउ टिप्ने र बजारसम्म लगेर बिक्री गर्ने कार्यमा व्यस्त छन् ।

च्याउ उत्पादनका लागि नगरपालिकाको कृषि शाखाबाट पाइएको रु १२ लाख अनुदान रकमबाट उनले उच्च प्रविधिको प्लास्टिक टनेल निर्माण गरेका छन् ।

प्लास्टिक टनेल र आफ्नै लगानीमा निर्माण गरिएका सात टनेलमा रानाले च्याउ उत्पादन गर्दै आएका छन् । हिउँदका बेला कन्या जातको, गर्मीका बेला मिल्की जातको र गर्मी तथा चिसो बीचको मौसममा पिङ्की जातको च्याउ रानाले उत्पादन गर्दै आएका छन् ।

"यस वर्षको साउनदेखि हालसम्म पिङ्की चार क्विन्टल र मिल्की च्याउ तीन क्विन्टल उत्पादन भएको छ", रानाले भने, "पिङ्की रु चार सय प्रतिकिलोका दरले बिक्री भयो, कन्या च्याउ ४० क्विन्टल बिक्री भइसकेको छ, जुन प्रतिकिलो रु एक सय ३० का दरले बिक्री भएको छ ।"

उनका अनुसार टनेलमा अझै ६० देखि एक सय क्विन्टल कन्या जातको च्याउ उत्पादन हुने क्रममा रहेको छ । स्थानीय बजारमै च्याउ खपत हुने भएकाले बेच्नका लागि रानालाई झन्झट भने छैन । कन्या च्याउ जस्तै पिङ्की र मिल्की च्याउको उत्पादन बढाउनका लागि कार्य अगाडि बढाइएको रानाले बताए ।

"दुवै जातका च्याउको बजारमा निकै माग छ, उत्पादन बढाउनका लागि लागेको छु", उनले भने, "उत्पादन गर्न मेहनत र लागत खर्च बढी लाग्ने भएकाले मूल्य बढी राखेका हौँ ।" नगरपालिकाबाट पाइएको अनुदान रकमबाट रानाले उच्च प्रविधिको टनेलसँगै पाँच पराल काट्ने मेसिन, च्याउ सुकाउने ड्रायर मेसिन, दुई पानी छर्कने विद्युतीय मोटर जडित 'फोगर सिस्टम' खरिद गरेका छन् ।

"पहिला च्याउ उत्पादन गर्न बीउसहित राखिएका परालका पोकामा हातैले ट्याङ्कीबाट पानी छर्कने गरेका थियौँ", उनले भने, "एकजना मजदुर पानी छर्कनका लागि मात्रै राख्नुपर्ने अवस्था थियो, टनेलमा फोगर सिस्टम जडान गरिएपछि विद्युत्को स्विच थिच्ने बित्तिकै स्वचालित रुपमा आफैँ पानी लहरै झुन्ड्याएका परालका पोकामा पुग्ने गर्दछ ।" सो प्रणालीका कारण समय र मजदुरमा लाग्ने खर्च बचत भएको उनको भनाइ छ ।

रानालाई विदेश जान दबाब दिने परिवारका सदस्य र आफन्त च्याउ खेतीबाट गरेको कमाई देखेर दङ्ग छन् ।

परिवारका सदस्यले पनि च्याउ खेती गर्नमा रानालाई सहयोग गर्दै आएका छन् । भविष्यमा च्याउको बीउ उत्पादन गर्न उनले 'ल्याब' स्थापना गर्ने सोच पनि राख्नुभएको छ । उनले हाल निजी स्तरबाट सञ्चालित ल्याबमा च्याउको बीउ उत्पादन गर्दै आएका छन् ।

उत्पादित बीउ आधा ल्याब सञ्चालकका लागि र आधा आफूलाई राख्ने गरी उत्पादन गर्दै आएको उनले बताए । आठजनाको परिवारको खर्च च्याउ खेतीले धानिएको रानाले सुनाए ।

नगरपालिकाको कृषि शाखाका प्रमुख करनसिंह बुढाऐर राना नगरपालिका क्षेत्रमै च्याउ खेती गरेर बढी कमाई गर्ने किसानका रुपमा परिचित रहेको बताउछन् ।

व्यावसायिक च्याउ खेतीमै लागेर कार्य गरेको देखेर प्रोत्साहित गर्नका लागि गत आवमा च्याउ पकेट कार्यक्रमअन्तर्गत अनुदान रकम उपलब्ध गराइएको उहाँ बताउछन् ।

रानाले उत्पादन गरेको च्याउ स्थानीय बजारसँगै महेन्द्रनगर र धनगढीसम्म बिक्री हुने गरेको उनले बताए । व्यावसायिक च्याउ खेती गर्न इच्छुक किसानलाई नगरपालिकाबाट प्रत्येक वर्ष बीउ र प्रविधिमा सहयोग हुँदै आएको उनले जानकारी दिए ।

वडाध्यक्ष दानसिंह ऐर च्याउ खेतीमा लागेर रानाले गरेको प्रगति प्रशंसायोग्य रहेको बताउछन् ।

"च्याउ खेतीबाटै रानाले आफ्नो परिचय मात्रै बनाउनुभएको छैन, वडालाई चिनाउनुभएको छ", उनले भने, "राना नगपालिकाकै गर्व गर्ने पात्रका रुपमा छन् ।"

# ६० प्रतिशत घट्यो सुन्तला उत्पादन

टुडे समाचारदाता

पर्वत । सुन्तला उत्पादनका लागि ख्याति कमाएको पर्वतको मोदी गाउँपालिका-२ देउपुरका सुन्तला कृषक गत वर्षजस्तो खुसी छैनन् । किनकी, यस वर्ष उहाँहरुले सोचेअनुसारको कमाइ भएन ।



गत वर्ष सुन्तला उत्पादनबाट रु पाँच करोडभन्दा बढी भित्र्याएका कृषकले यस वर्ष झन्डै रु दुई करोडमा चित्त बुझाउन बाध्य भएका छन् । गत वर्षभन्दा ६० प्रतिशतले उत्पादनमा कमी आएको कृषकले गुनसो गरेका छन् । सुन्तला पकेट क्षेत्र भए पनि बोट मर्ने र फल पाक्ने बेलामा औँसा किराको प्रभावले पनि यस वर्ष उत्पादनमा ६० प्रतिशतले गिरावट आएको स्थानीय कृषक खेमनाथ पौडेलले जानकारी दिए ।

यहाँका बगैँचामा सुन्तला किन्नका लागि काठमाडौँ पोखरा, नारायणगढदेखि व्यापारी घरघरमै आएर लगिसकेका छन् । तीन वर्षअघिसम्म सहकारीमार्फत बिक्री गर्दै आए पनि यस वर्ष व्यापारीलाई निजी ढङ्गले बगैँचा जिम्मा लगाएको माछापुच्छ्रे सुन्तला सहकारी संस्थाका पूर्वअध्यक्ष दाताराम चापागाईँले बताए । यस वर्ष उत्पादन घटेकाले गत वर्षजस्तो राम्रो कमाइ नभएको उनले बताए । "गएको वर्ष रु पाँच करोडभन्दा बढीको सुन्तला बिक्री गरेका थियौँ । यस वर्ष मुस्किलले रु दुई करोड जति आम्दानी भएको अनुमान छ", चापागाईँले भने । आफूले गत वर्ष रु छ लाखको सुन्तला बिक्री गरेकामा यस वर्ष रु दुई लाखभन्दा आम्दानी नभएको उनले गुनासो गरे ।

स्थानीय शिक्षक भूमिराज शर्माका अनुसार सुन्तला टिप्नका लागि एक साताअघिसम्म व्यापारीका कामदारले देउपुरका बगैँचा भरिएका थिए । सुन्तला टिप्ने र लैजानेका कारण मेला लागेजस्तै देखिएको थियो । थोक व्यापारीले बगैँचाबाट नै खरिद गरेपछि कृषकलाई पनि सहज भएको उनले उल्लेख गरे ।

देउपुरका कृषक खेमराज पौडेलले एक वर्ष बढी फल्ने र अर्को वर्ष कम फल्ने भएकाले गत वर्षजस्तो उत्पादन नभएको बताए । उनले गत वर्ष रु पाँच लाखमा सुन्तलाको बगैँचा बिक्री गरेको बताउँदै यस वर्ष झण्डै आधा जति घटेको जानकारी दिए ।

विगत दुई दशकदेखि गरिएको व्यावसायिक सुन्तला खेतीबाट यहाँका कृषकको मुख्य आम्दानीको स्रोत सुन्तला बनाएका छन् । परम्परागत रुपमा कोदो र मकै लगाउने गरेका यहाँका कृषकले सुन्तला खेती गरिएपछि उनीहरुको जीवनस्तरमा समेत परिवर्तन आएको छ । यहाँका एक सय ६० भन्दा बढी कृषक अन्य खेती छाडेर व्यावसायिक सुन्तला खेतीमा लागेका हुन् ।

साविक देउपुर गाविसमा सुन्तलाको सम्भाव्यता उच्च भएकाले विगत लामो समयदेखि सुन्तला खेतीलाई व्यावसायिकरुपमा सुरु गरेको अर्का कृषक विजय चापागाईँले बताए । उनले सुन्तला खेतीको विस्तारका लागि अझै प्रयास गर्न जरुरी रहेको बताए । सुरुमा कोदो मकै मात्र लगाएर बस्ने गरेको ठाउँमा सुन्तला लगाएपछि वार्षिकरुपमा प्रत्येक परिवारको रु दुईदेखि सात लाखसम्म कमाइ हुन थालेको चापागाईँको भनाइ छ ।

यस वर्षदेखि सुन्तलाका बोट मर्न थालेको स्थानीय टीकाराम तिमिल्सिनाले बताए । ठूला र साना बोट पनि धमाधम मर्न थालेको र रोग पत्ता नलागेको उनले बताए । विभिन्न औषधि प्रयोग गरे पनि निरन्तर रुख सुक्न थालेको उनको भनाइ छ ।

यता कृषि ज्ञान केन्द्र पर्वतका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बोटमा लामो समय फल राख्दा अर्को वर्षको उत्पादनमा कमी आउने बताए । उनले देउपुरमा औँसा कीरा, फल झर्नेलगायत अन्य सङ्क्रमणका कारण पनि सुन्तलाको उत्पादन गत वर्षभन्दा घटेको बताउँदै समग्र जिल्लाभरमा भने उत्पादनमा असर नगरेको बताए ।

# विदेश जाने छ महिनामा तीन लाख

टुडे समाचारदाता

काठमाण्डु । वैदेशिक रोजगार विभागबाट चालु आर्थिक वर्षको पहिलो छ महिनामा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या तीन लाख बढी पुगेको छ ।

साउनदेखि पुससम्ममा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या तीन लाख ४३ हजार पुगेको विभागका सूचना अधिकारी तथा निर्देशक कविराज उप्रेतीले जानकारी दिए ।

उनका अनुसार अघिल्लो आर्थिक वर्ष २०७९/८० को यही अवधिमा वैदेशिक रोजगारीमा जानका लागि विभागबाट चार लाख १४ हजारले श्रम स्वीकृति लिएका थिए ।

अघिल्लो वर्षको तुलनामा यस वर्ष श्रम स्वीकृति लिनेको संख्या ७१ हजारले कमी देखिएको उप्रेतीले बताए । उनले भने, "पुस महिनामा ६५ हजार आठ सय १३ नेपालीले वैदेशिक रोजगारीमा जान विभागबाट श्रम स्वीकृति लिएका छन्, यो संख्या नयाँ श्रम स्वीकृति लिने र नवीकरण गर्ने दुवैको हो ।"

> विभागको तथ्याङ्कअनुसार युएइका लागि १६ हजारले श्रम स्वीकृति लिएका छन् भने साउदी अरब र कतार १४ हजार, मलेसिया आठ हजार, कुवेत तीन हजार र कोरिया एक हजार जना गएका छन् ।

चालु आर्थिक वर्षको पहिलो छ महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या घटेको देखिए पनि साउन र भदौभन्दा मङ्सिर र पुसमा संख्या बढेको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख छ ।

पुसमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमा सबैभन्दा धेरै युएइ जाने रहेका विभागले जनाएको छ ।

विभागको तथ्याङ्कअनुसार युएइका लागि १६ हजारले श्रम स्वीकृति लिएका छन् भने साउदी अरब र कतार १४ हजार, मलेसिया आठ हजार, कुवेत तीन हजार र कोरिया एक हजार जना गएका छन् ।

# मुख्य दलको बन्धकमा मुलुक : अध्यक्ष राउत




**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य डा. सीके राउतले चार ठूला दलले आफूहरुलाई उपेक्षा गरी अघि बढिरहेको आरोप लगाएका छन् ।

मधेशको समस्यालाई आफूहरुले अघि सार्दा सुनवाई न गरी आफूहरु सरकारमा रहँदा समेत ठूला चार दलहरु एक पक्षीय रुपमा अघि बढ्दा मुलुकमा समस्या थपिदै गएको उनले बताए ।

डा. राउतले शनिबार नेपाल पत्रकार महासंघ सप्तरी शाखामा आयोजित पत्रकार सम्मेलनमा यस्तो बताएका छन् । सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि पहिलो पटक गृह जिल्लामा पत्रकार सम्मेलन गर्दै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी र नेकपा एकीकृत समाजवादीका शिर्ष नेताहरुले मुलुकको शासन प्रणाली आफ्नो अनुकुल चलाइरहेको बताए । उनले भने-"सरकारमा १० सिट ल्याउनेको हाली मुहाली छ, १२ सिट ल्याउनेको केही चल्दैन्, १२ सिट ल्याउनेले ५० सिट ल्याए पनि मुलुकको शासन व्यवस्थामा केही चल्दैन् ।"

एक अर्को प्रसङ्गमा उनले आफ्नो पार्टी सरकारमा सहभागि हुनुका कारण प्रस्ट्याउँदै उनले भने, "जनताको सेवाका लागि पनि सत्तामा जानुको विकल्प नरहेकोले सरकारमा सहभागि भएका हौं, हाम्रो पार्टीको सानो उपस्थिति रहे पनि सरकारमा रहेर पूर्णरुपमा उपलब्धि नपाए पनि आंशिक रुपको उपलब्धिबाट जनताको सेवा गरिरहेका छौं ।"

बहुमतको दम्भमा जायज मुद्दाको समेत सुनुवाई हुन सकेको छैनन्, उनले भने-"अब आन्दोलनमै जानु पर्ने अवस्था देखिएको छ ।" उनले संसद तथा मन्त्रिपरिसद्मा चार ठूला दलकै सहमतिमा प्रत्येक काम हुने गरेकाले आफू चाहेर पनि जनताका मूल मुद्दा सम्बोधन गराउन नसकिरहेको लाचारी व्यक्त गरे । राजनीतिक हस्तक्षेप र आस्थाका आधारमा प्रधान न्यायाधिश, निर्वाचन प्रमुख, अख्तियार जस्ता निकायका प्रमुखको नियुक्ती हुँदा उनीहरुले निश्पक्ष र स्वतन्त्र रुपमा काम गर्न नसकिरहेको भन्दै यस्ता निकायहरुमा जनताको अभिमत "निर्वाचन प्रक्रिया" बाट नियुक्तिको व्यवस्था गर्न माग गरे ।

मधेशमा देशकै आधा भन्दा बढी जनसंख्या रहँदा पनि मधेश दिने हैसियतमा होइन माग्ने हैसियतमा रहनु अर्को दुर्भाग्यपूर्ण अवस्था रहेको उनको भनाइ छ ।

उनले आफ्नो कार्यकालमा जिल्लाको विकासका लागि थुप्रै काम सुरु गरेको दाबी गर्दै सो को सम्पूर्ण विवरण राजविराजस्थित पार्टी कार्यालय सूचना पाटीमा टाँस गरिएको जानकारी पनि दिए ।

पत्रकार सम्मेलनमा मधेश प्रदेशका शिक्षा तथा संस्कृती मन्त्री महेश प्रसाद यादव, श्रम तथा यातायात मन्त्री चन्दन सिंह, प्रदेश सांसद सतिश सिंह, जिल्ला इन्चार्ज रामगमन साह लगायतको पनि उपस्थिति रहेको थियो ।

# प्रधानमन्त्री कपमा मधेश प्रदेशको तेस्रो जित



**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशले शनिवार कर्णालीमाथि जितसहित जारी प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा तेस्रो सफलता हात पारेका छन् ।

हरिशंकर साहको अलराउन्ड प्रदर्शनमा मधेशले पाँचौं खेलमा तेस्रो सफलता प्राप्त गरेको छ । मधेशको जितमा हरिशंकरले ५० रनको अर्धशतकसँगै एक विकेट लिँदै अलराउण्ड प्रदर्शन गरे ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा शिर्ष तीनका ब्याटर चलेपछि मधेशले निर्धारित ओभर खेल्दै ९ विकेटको क्षतिमा दुई सय ३२ रनको लक्ष्य प्रशुतत गऱ्यो ।

जवाफी ब्याटिङ गरेको कर्णाली ४१.१ ओभरमा एक सय ७० रनमै अलआउट भयो । कर्णालीले खराब शुरुवाती गऱ्यो । कर्णाली चौथो ओभरमै १२/२ को अवस्थामा पुग्यो ।

यस क्रममा कप्तान तथा ओपनर रविन्द्र शाही १ रन र हिमान्सु शाही २ रनमा आउट भए । दुवैलाई राजेश यादवले आउट गरेका छन् । अर्को ओपनर विपिन शाहीले तेस्रो विकेटका लागि अर्जुन घर्तीसँग ४६ रनको साझेदारी गर्दै इनिङ उकास्ने प्रयास गरे । तर विपिन ३१ रनमा बनाएर पवेलियन फर्किए ।

त्यसपछि विकेट किपर अर्जुनले राम्रो साथ पाएनन् । लगातार विकेट पतन हुँदा कर्णाली २८.२ ओभरमा १०४/७ को अवस्थामा पुग्यो । यद्यपि नवौं नम्बरमा ब्याटिङ गर्न आएका दिनेश अधिकारीले उनलाई साथ दिए ।

यी दुईले आठौं विकेटका लागि ६१ रनको साझेदारी गर्दै कर्णालीको आशा जीवन्त राखे । तर मधेशका बलर राजेश यादवले ४०औं ओभरमा दिनेशलाई ३३ रनमा आउट गर्दै साझेदारी तोडे ।

त्यसपछि खातामा थप पाँच रन जोड्दा कर्णालीले बाँकी दुई विकेट पनि गुमाउन पुग्यो । अर्जुन ५८ रनमा अर्जुन तिवारीद्वारा आउट हुन पुगे । उनको इनिङमा दुई चौका र दुई छक्का रह्यो । मधेशको बलिङमा राजेशले तीन विकेट तथा प्रदीप पासवानले दुई तथा रूपेश सिंह, अभिशेक तिवारी, रञ्जित कुमार, हरिशंकर र पवन पर्राफले समान एक विकेट लिँदै कर्णाली प्रदेशका खेलाडीहरुलाई सस्तैमा अलआउट गरे ।

> **कप्तान हरिशंकर र मयनले समान ५० रन जोड्दा विकेटकिपर अनिल शाहले ४४ रन बनाए । हरिशंकरले ६१ बलमा ६ चौका प्रहार गरे । अनिलले ४४ बलमा चार चौका र दुई छक्का हिर्काए ।**

त्यसअघि टस जितेर ब्याटिङ गरेको मधेशले उत्कृष्ट सुरुवात गऱ्यो । तर मध्यक्रम चल्न नसक्दा ठूलो योगफल भने बनाउन सकेन । कप्तान हरिशंकर र मयनको अर्धशतकमा मधेशले ५० ओभरमा ९ विकेट गुमाउँदै दुई सय ३१ रनको योगफल बनायो ।

कप्तान हरिशंकर र मयनले समान ५० रन जोड्दा विकेटकिपर अनिल शाहले ४४ रन बनाए । हरिशंकरले ६१ बलमा ६ चौका प्रहार गरे । अनिलले ४४ बलमा चार चौका र दुई छक्का हिर्काए । मयनको अर्धशतकमा पाँच चौका रह्यो ।

अनिल र हरिशंकरले पहिलो विकेटका लागि १३.५ ओभरमा ८५ रन जोड्दै सानदार शुरुवात दिलाएका थिए । तल्लो क्रममा साथ नपाउँदा विशाल योगफल भने बनाउन सकेन । आठौं नम्बरका ब्याटर अभिशेक तिवारीले ३७ बलमा ३४ रन जोड्दै मधेशको इनिङ उकास्न मद्दत गरे ।

कर्णालीको बलिङमा दीपेन्द्र रावतले चार विकेट लिए । अनुज चनाराले दुई तथा दिनेश अधिकारी, युनिस सिंह र दिवान पुनले समान विकेट लिए । मधेशको पाँच खेलमा ६ अंक छ भने चार खेल खेलेको कर्णालीको समान दुई हार र जितबाट चार अंक नै छ ।

# बाक्लो हुस्सु र शीतलहरका कारण तराईमा जनजीवन कष्टकर



**टुडे समाचारदाता**

जनकपुरधाम । बाक्लो हुस्सु र शीतलहरीका कारण जनकपुरधामलगायत तराई मधेशको जनजीवन कष्टकर बनेको छ । शनिबार बिहानैदेखि बाक्लो हुस्सु लागेको छ र शीतलहरसँगै चलेको चिसो हावाका कारण जनजीवन कष्टकर बनेको छ ।

माघको सुरु सातादेखि जनकपुरधाम लगायत क्षेत्रमा बाक्लो हुस्सु र शीतलहर चल्न थालेको हो । केही दिन अघिसम्म बिहान बाक्लो कुहिरो लागे पनि दिउँसो पारिलो घाम लाग्न थालेको थियो । तर अहिले दिनभर बाक्लो हुस्सु लाग्न थालेको छ ।

कठ्याङ्ग्रिँदो चिसोमा पराल ओछ्याएर सुत्न बाध्य दलित तथा अतिविपन्न परिवार प्रभावित भएका छन् । विपन्न परिवार अहिले परालको भरमा रात बिताउन बाध्य छन् । परालको आगो ताप्ने र परालकै ओछ्यान बनाएर रात बित्ने गरेको जनकपुरधाम उप-महानगरपालिका-२० का दलित बस्तीमा बसोबास गर्दै आएका रामपुकार सदा बताउछन् ।

धनुषाका विदेह नगरपालिकाका मुसहरीकी राजोवति सदाले जाडोका कारण दैनिकी कष्टकर बनेको बताए । "बिहानैदेखि घर बाहिर निस्कन मुस्किल भएको छ, दैनिक गरिने कामकाजमा बाधा पुगेको छ", उनले भनिन् ।

प्रभावितलाई चिसोबाट जोगाउन पालिका र अन्य सरोकारवाला निकायले कुनै वास्ता नगरेको सर्वसाधारणको गुनासो छ । अत्यधिक चिसो तथा शीतलहरका कारण श्वासप्रश्वास, रुघाखोकी, निमोनियाजस्ता समस्या देखिएको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजका प्रमुख डा. मिथिलेश झाले जानकारी दिए ।

विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी र गर्भवती शीतलहरबाट प्रभावित छन् । अत्यधिक चिसोका कारण पशुचौपायालाई समेत समस्या भएको छ । चिसोबाट जोगाउन पशुचौपायाका लागि गोठमै आगो बाल्ने तथा बोरा ओढाउने गरिएको छ ।

अत्यधिक चिसोका कारण घरपालुवा जनावरमा श्वासप्रश्वास, निमोनियालगायत समस्या देखिएको पशु सेवा विज्ञ केन्द्र सप्तरीका प्रमुख वरिष्ठ पशुविकास अधिकारी डा. प्रभात कुमार झाले जानकारी दिए ।

# राममय बन्यो जलेश्वर

**टुडे समाचारदाता**

जलेश्वर । भारतको उत्तर प्रदेशमा रहेको अयोध्यामा आगामी सोमबार (जनवरी २२ तारेख) का दिन हुन लागेको भगवान् रामको प्राण प्रतिष्ठा कार्यक्रमलाई लिएर अहिले महोत्तरी सदरमुकाम जलेश्वर राममय भएको छ । जलेश्वरमा अहिले प्रत्येक घर, व्यापार, व्यवसाय, पसल, उद्योग, कारखाना र नगरभरि रहेका प्रत्येक पोलमा भगवान् रामचन्द्रको प्रतिमा अङ्कित झण्डा लगाउनुका साथै बिजुली बत्ती र फूलमाला लगाएर झकिझकाउ बनाइएको छ ।

त्यसैगरी जलेश्वरको प्रत्येक प्रतिष्ठान र घर परिवारमा अहिले 'राम आँयेगें' बोलको गीतले गुञ्जिएको छ । यसैबीच राम मन्दिरमा हुन लागेको भगवान् रामचन्द्रको प्राण प्रतिष्ठालाई लक्षित गर्दै जलेश्वर नगरपालिकाले आउँदो सोमबार नगभरिका सबै घर, मठ, मन्दिर, उद्योग, व्यापार, व्यवसाय, पसल, कलकारखाना र नगरभरिका सम्पूर्ण दोबाटो, चौबाटो तथा चोकचोकमा दीप प्रज्वलन गर्न नगरवासीलाई आग्रह गरेको छ ।

नगरप्रमुख सुरेश साह सोनारले एक विज्ञप्ति जारी गर्दै सम्पूर्ण नगरवासीमा राम भगवान्को प्राण प्रतिष्ठाको दिन खुसियाली मनाउन आग्रह गरेका छन् । उनले हामी सम्पूर्ण व्यक्तिलाई माता जानकीको नगरवासी (मिथिलावासी) रहेको सङ्ज्ञा दिनुहुँदै हाम्रो लागि भगवान् रामको मन्दिरमा प्राण प्रतिष्ठाको दिन गौरव र सम्मानको दिन भएकाले सो दिनमा दीपावली मनाउनुको साथै खुसी साटासाट गर्न आग्रह गरेका छन् ।

साथै जलेश्वर नगरपालिकाद्वारा आउँदो सोमबार जलेश्वर नगरपालिका क्षेत्रभित्र माछा, मासु र मदिराको सेवन तथा बिक्री वितरणमा रोक लगाइएको विज्ञप्तिमा उल्लेख छ । सोही दिन जलेश्वरका युवाले पनि भगवान् रामचन्द्रको प्राण प्रतिष्ठाको दिनलाई स्मरणीय बनाउन सो दिनमा जलेश्वर नगरभरि रामचन्द्र र माता सीताको झाँकी निकाल्ने, रामनाम जापसहितको बाजागाजा र लावा लस्कर निकालेर नगरपरिक्रमा गर्ने, जलेश्वरनाथ महादेव परिसरमा दीप प्रज्वलन गर्ने, जलेश्वर नगरपालिका-१ स्थित बरुण सरोवरमा साँझपख गङ्गा आरती गर्ने, राति नगरभरि दीपावली गर्न लगाउनेलगायतका कार्यक्रम राखेको जलेश्वर उद्योग वाणिज्य सङ्घका महासचिव शिवचन्द्र चौधरीले बताए ।

# एथलेटिक्स संघको प्रदेश अध्यक्षमा पुष्पा




**टुडे समाचारदाता**

जनकपुरधाम । एथलेटिक्स संघ मधेश प्रदेशको अध्यक्षमा पुष्प यादवलाई चयन गरिएको छ । जनकपुरधाममा शनिवार आयोजित एक भेलाबाट यादवको अध्यक्षतामा समिति गठन गरिएको छ ।

राराव क्याम्पसका शारीरिक विषयका प्रध्यापक इन्द्र कुमार यादवको अध्यक्षतामा तथा पूर्व आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको प्रदेशस्तरीय भेलाबाट सर्वसम्मतबाट पुष्पा यादवलाई प्रदेश अध्यक्षमा चयन गरेको जनाइएको छ । समितिको उपाध्यक्षमा विनोद कुमार कामति, सचिवमा दिलिप कुमार यादव, कोषाध्यक्षमा चन्देश्वर पटेललाई चयन गरेको छ । सदस्यहरुमा अंशु सिंह, सकुन्ताला शर्मा, रामपृत चौधरी, अजय कुमार पण्डित, राजु चौधरी, मलिक चौधरी, सन्तोष मण्डल निलम यादव, गौतम रहेका छन् । समितिको सल्लाहकारमा इन्द्र कुमार यादव, ज्ञानेन्द्र कुमार यादव, श्रीनारायण साहलाई चयन गरिएको जनाइएको छ ।

भेलाको उद्घाटन सत्रमा पूर्व मन्त्री ज्ञानेन्द्र कुमार यादव, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलास दास लगायत दर्जनौं व्यक्तिले खेलकुदको बारेमा आफ्ना विचार राखेका छन् ।

**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं ।
अनलाईन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं ।
सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**सेवाग्राहीमा हार्दिक अनुरोध**

मधेश प्रदेशका नागरिकहरुका सुविधालाई दृष्टिगत गरी मधेश प्रदेश सरकारले प्रदेशका सबै जिल्लाहरुमा यातायात कार्यालयको स्थापना गरिएको छ । सवारी साधन तथा यातायात सम्बन्धि सम्पूर्ण सेवाहरु सबै कार्यालयहरुबाट प्रवाह भईरहेकाले नजिकको पायकपर्ने कार्यालयहरुबाट सेवा लिन आग्रह गर्दछौं ।

सेवा प्रवाहको क्रममा ढिलासुस्ती वा कुनै गुनासो भए मधेश प्रदेश सरकार, श्रम तथा यातायात मंत्रालयमा सर्म्पक गर्नु हुन अनुरोध छ ।

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, नेपाल

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८